# परिच्छेद एक

# परिचय

## १.१.अध्ययनको पृष्ठभूमि

मानिस सर्वश्रेष्ठ चेतनशील प्राणी हो । मानव सभ्यताको केन्द्र विन्दु शिक्षा हो । शिक्षाको विकास एउटा गतिशिल प्रक्रिया हो । शिक्षाको शुरुवात परिवारबाट हुने गर्दछ । त्यसैले वालवालिकाको सिकाई पनि परिवारबाट समूदाय हुंदै विद्यालयमा पुगेर व्यवस्थित हुने गर्दछ । शिक्षाले मानिसलाई साहसिलो , आंटिलो बनाउने र ज्ञान सीप धारणामा सचेतता ल्याई व्यक्तिमा आत्मवल अभिवृद्धि गर्ने प्रमुख माध्यमको रुपमा कार्य गर्दछ । शिक्षालाई आंखाको रुपमा परिभाषित गरिएको पाईन्छ । शिक्षा विना मानिसको जीवन अन्धकारमय हुन्छ । त्यसैले Education is the third eye of human भन्ने गरिएको छ ।

शिक्षा साधन र साध्य दुवै हो । त्यसैगरी शिक्षा लगानी र उपभोग पनि हो । देशको चौतर्फी विकासको आधारशिला शिक्षा नै हो । शिक्षा विना अन्य सवै पूर्वाधारहरु अधुरा र अपुरा हुन्छन् । शिक्षा प्राप्त गर्ने हरेक व्यक्तिको नैसर्गिक अधिकार हो त्यसैले शिक्षा हिमाल, पहाड, तराई, गाउँ शहर,महिला,पुरुष,धनि,गरिब सवैको सर्वसुलभ पंहूच भित्र पर्नुपर्दछ । शिक्षाले व्यक्तिको आन्तरिक शक्तिको उजागर गर्दछ । शिक्षा भौतिक सामाजिक तथा आर्थिक विकासको लागि अपरिहार्य साधन हो । समाज नारी र पुरुषको समग्र रुप हो । महिला र पुरुषलाई एक सिक्काको दुई पाटो अथवा एकै रथका दुई पांग्राका रुपमा स्वीकारीएको छ । त्यसैले महिला सहभागिता विना समाजको गतिशिलता सम्भव छैन । एक हातले ताली वज्दैन भने झैं सामाजिक रुपान्तरणका लागि महिला र पुरुषको समान सहभागिता अपरिहार्य तत्व हो । राज्यले शैक्षिक लगानीमा वृद्धि गरेर महिलाको शिक्षालाई सुनिश्चित गर्ने अवसरहरु सिर्जना गर्दै हरेकघरका छोरीनानीहरुलाई विद्यालयको ढोका सम्म पुर्याउने र टिकाउने वातावरण सुनिश्चित गर्नु अहिलेको अपरिहार्यता हो ।

नेपालमा परापूर्व कालदेखि नै प्रत्यक्ष अप्रत्यक्ष रुपबाट शिक्षा लिनेदिने कार्य भएको पाईन्छ । परिवारको जेष्ठ सदस्यद्धारा सन्ततिलाई समाजको चालचलन, रीतिरिवाज,जीवनको आदर्श,धार्मिक तथा सामाजिक मान्यता जस्ता कुराहरुको जानकारी दिने गरेको इतिहासवाट त्यस समयमा नेपालमा पारिवारीक शिक्षा थियो भन्न सकिन्छ । वैदिक कालमा महिलाहरु पुरुष समान अधिकार सम्पन्न थिए । मैत्रेयी,गार्गी जस्ता विदुषीहरुले गरेको शास्त्रार्थबाट त्यसवेला महिलाहरुले वेदको अध्ययन गरी शिक्षा आर्जन गर्ने अधिकार पाएको कुरा पुष्टि गर्न सकिन्छ । लिच्छवी कालमा वेद व्याकरण,न्याय,दर्शन,साहित्य र ज्योतिषी जस्ता विषयमा उच्च स्तरको पढाइ भएको तथ्य नालन्दा र विक्रमशिला विश्व विद्यालयमा गई अध्ययन गरेको कुराले शिक्षा क्षेत्रमा केही प्रगति भएको देखिएतापनि महिला शिक्षा सम्बन्धि केही उल्लेख्य तथ्य भेटाउन सकिदैन ।

पृथ्वीनारायण शाहको पालामा नेपालको एकिकरण भएको र उनको अधिकांश कार्यकाल लडाईं र सैनिक सुदृढिकरणमा वितेको हुनाले शिक्षा क्षेत्रमा उल्लेख्य प्रगति भएको पाईंदैन । रानी राजेन्द्रलक्ष्मीले देशको वागडोर सम्हालेको उदाहरणबाट महिलाले पनि नेतृत्व वहन गरेको देखिन्छ ।

शिक्षाको इतिहासमा वि.सं.१९१० असोज २७ गते थापाथलीको दाखचोकमा अंग्रेजी स्कूलको स्थापना गरी जंगबहादुरले औपचारिक शिक्षाको थालनी गरेको पाईन्छ । वीर शमशेर , धीर शम्शेर तथा रणोद्धिप र पद्म शम्शेरले शिक्षा क्षेत्रमा केही सुधार गरेको पाईन्छ । औपचारिक रुपमा महिला शिक्षाको शुरुवात वीर शम्शेरको पालामा भारतीय महिला गंगावाईद्धारा गरेको इतिहासमा पाईन्छ । काठमाण्डौको ढोकाटोलमा वि.सं. १९८० मा कन्या पाठशालाको स्थापना गरी महिला शिक्षालाई अगाडि बढाउने प्रयास भयो । वि.सं.१९९६ मा जुद्धशम्शेरले शिक्षाको इस्तिहार जारी गरी नेपालको शैक्षिक विकासको क्रममा विद्यालय निरीक्षण, व्यवस्थापन र पाठयक्रम आदि विषयमा जनतालाई सरिक गराउने प्रयास गरेका थिए । यो नै शिक्षा सम्बन्धि पहिलो कानून थियो । उक्त इस्तिहार विद्यालय सञ्चालनका लागि विद्यालय सञ्चालक समितिको व्यवस्था गरिएको थियो । उक्त समितिले विद्यार्थीभर्ना,शिक्षक नियुक्ति तथा रेखदेखको अधिकार प्राप्त गरेको पाईन्छ । संचालक समितिमा १ जना डाक्टर (सकेसम्म) राख्नुपर्ने व्यवस्था गरेको पाईन्छ । तर महिलाको सहभागिताको वारेमा उक्त इस्तिहार मौन देखिन्छ । वि.सं.१९७५

भाद्र २७ गते त्रिभुवन चन्द्र कलेज (हालको त्रिचन्द्र कलेज) को स्थापना भए तापनि वि.सं.२००४ सालमा मात्र त्रिचन्द्र कलेजमा जम्मा ४ जना छात्राहरु भर्ना भएको देखिन्छ । नेपालमा शैक्षिक व्यवस्थापनको नीतिगत शुरुवात वि.सं.१९९६ बाट भएको पाईन्छ, (अधिकारी, २०६२) ।

नेपालको शैक्षिक इतिहासमा महिला सहभागी गराउन प्रयास भएतापनि अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । शिक्षा समाजको ऐना हो । यसर्थ पनि समाजका समग्र रुप महिला र पुरुषका लागि शिक्षाको समान अवसर प्राप्त हुनुपर्दछ । एउटा पुरुष शिक्षित भए एक्लै शिक्षित बन्छ भने एउटी महिला शिक्षित भए पुरै परिवार शिक्षित वनी गाउं,टोल र सम्पूर्ण समाजको वातावरणमा सुधार हुन जान्छ । "एक हातले मात्र ताली बज्दैन ।" भने झैं पुरुष मात्र शिक्षित भएर देशको विकास असम्भव हुने हुनाले महिला वर्गमा पुरुष सरह शिक्षाको प्रचार प्रसार र अवसरको सुनिश्चितता  हुन आवश्यक छ । नेपालको सन्दर्भमा आधुनिक कालमा पनि महिला शिक्षामा उल्लेख्य प्रगति भएको पाईदैन । (पाण्डे, २०६२) ।

शिक्षा क्षेत्रमा वि.सं.२००७ साल पछि केही परिवर्तन भएको पाईन्छ । शैक्षिक क्षेत्रमा सुधार गर्नका लागि विभिन्न शिक्षा आयोगहरु गठन भए । वि.सं.२०११,२०१८,२०२८,२०४९,२०५५,२०५८ मा गठित आयोगहरुले सुझाव सहित प्रतिवेदन पेश गरेको पाईन्छ । तुलनात्मक रुपमा महिलाको परम्परागत भुमिकामा केहि परिवर्तन भए तापनि आर्थिक, सामाजिक,सांस्कृतिक र राजनैतिक अवसरमा महिलाहरु धेरै पछाडि परेको पाईन्छ ।

महिलाको स्थिति सुधार्ने सम्बन्धमा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा आन्दोलन , सम्मेलन र भेलाको आयोजना गर्ने र त्यस्मा छलफल,अन्तरक्रिया गर्दा शिक्षा, स्वास्थ्य ,रोजगारी र सामाजिक तथा आर्थिक पक्षमा केहि मात्रामा मात्रै महिला सहभागिता बढेको देखिएतापनि पनि दक्षिण एशियाली मुलुकहरु मध्ये नेपालमा लैङ्गिक असमानताको स्थिति वढिरहेको अवस्था विद्यमान छ ।

सन् १९७० को दशकमा आधारभूत आवश्यकताको गरीबि निवारणको सैद्धान्तिक अवधारणा विकासमा महिला (WID) विकास भयो । पुरुष तथा महिला सवैको आधारभूत आवश्यकताको परिपूर्तिबाट गरीबी

निवारण गर्नेनीति अनुरुप निर्णय प्रक्रियामा महिलाहरुको पनि संलग्नता रहन पर्दछ भन्ने सैद्धान्तिक दृष्टिकोणको विकास भयो । महिलाका विभिन्न मुद्धाहरुलाई सार्वजनिक गर्ने र समग्रमा देखिएका समस्यालाई विश्लेषण गर्ने उद्धेश्यले सन् १९७५ लाई महिला बर्षका रुपमा घोषणा गर्ने निर्णय गरियो । संयुक्त राष्ट्र संघले सन् १९७५-१९८५ लाई महिला दशकको रुपमा घोषणा गर्‍यो । हालसम्म ४ वटा विश्व महिला सम्मेलनहरु सम्पन्न भैसकेको भए तापनि आजसम्म पनि महिलाहरुको स्थिति दयनीय नै देखिएको छ ।

विकासमा महिला (WID) ले लोक कल्याणका कुरा गर्दछ । विकासमा महिलाको अवधारणाले महिलाको उत्पादक भूमिकालाई मात्र मान्यता दियो । Escobar (सन् १९७५) को शब्दमा WID ले तीन कुरामा ध्यान दियो पहिलो, तार्किक संसारको निर्माण (Discursive formation) दोस्रो पेशाकरण (professionalization ) तेस्रो, संस्थागत थालनी -Institutional Initiative) त्यसपछि विकास र महिला (WAD) भन्ने सोच आयो । WID र WAD मा खासै अन्तर देखिएन । यी दुवै सोचले महिलाको उत्पादक भूमिकालाई मात्र समाते प्रतिउत्पादक भूमिकालाई विर्सिदिए । जसले गर्दा विकास निर्माणका कामहरु हुन सकेनन् । महिलाका लागि भनेर ल्याइएका कार्यक्रमहरु पनि सफल कार्यान्वयन हुन सकेनन । महिलाहरुले झन बढी अप्ठेरोको सामना गर्नुपर्‍यो । यीनै अवस्थालाई ध्यानमा राखेर महिला तथा पुरुष दुवैलाई समेटेर मात्र आर्थिक तथा सामाजिक परिबर्तन सम्भव हुदोरहेछ भन्ने कुरा थाहा भयो । फलत :विकासमा लैंगिक अवधारणाको सोच जन्मियो । विकासमा लैंगिक अवधारणा १९८० को दशकको उत्तरार्द्धदेखि शुरुवात भएको हो । यस अवधारणाले निम्न मान्यता राखेको पाईन्छ । आचार्य , (२०५९)

१) समाजमा चलिरहेका संरचना र सम्बन्धलाई ध्यान राखी कानुनी,सामाजिक,आर्थिक,राजनैतिक र संस्थागत आदि पक्षहरुको अध्ययन गर्दछ ।

२) यसले महिला, पुरुष, धनि, गरिब, जाती, समूदायलाई समेट्ने भएकाले यसको क्षेत्र व्यापक छ ।

३) विकास क्रममा महिला र पुरुष एक अर्काका परिपूरक हुन् भन्ने भावनाको अभिवृद्धि गर्ने जस्ता कार्य प्रणाली अप्नाउन मार्ग दर्शन गर्दछ ।

४) महिलाहरुको  सामाजिक मर्यादा वृद्धिका निमित्त पुरुष वर्गलाई महिला हक र अधिकारप्रति वढी सम्वेदनशील तथा सचेत गराउंछ ।

५) यसले समाजका प्रत्येक महिला पुरुषलाई उत्तिकै स्थान र इज्जत दिनुपर्दछ र समाजमा जो सधैं पछौटेपन, अपहेलित, दमित र शोषित छन् उनीहरुको उत्थानका निम्ति काम गर्न सोहि समाजका जनसमूदायको मद्धत लिनुपर्दछ भन्ने कार्यनीतिलाई पहल गर्दछ ।

विद्यालय व्यवस्थापनमा महिलाहरुलाई पनि सहभागी गराउने सरकारी नीति आफैमा राम्रो हुंदाहुंदै पनि विद्यालय व्यवस्थापन समितिमा १ जना मात्र महिलाको उपस्थितिलाई आरक्षण गरिनु के उचित, पर्याप्त र समान सहभागिताको नीति अनुरुप होला ? अवश्य पनि यो पर्याप्त छैन । विश्वस्तरमा महिला सम्बन्धि सामाजिक,आर्थिक र राजनैतिक रुपमा भेदभाव भएको तथ्यलाई स्वीकार्दै महिलाविरुद्ध  सवै भेदभाव अन्त्य गर्ने तथा महिलाले पारिवारीक एवं सामाजिक विकासका लागि गरेको योगदानको कदर गर्न महासन्धिको जन्म भयो । सन् २००० मा संयुक्त राष्ट्रसंघको महिला वर्ष सन् २००२ मा एक्काइसौं शताब्दीका लागि लैंगिक समानता,शान्ति र विकासको रुपमा लिइएको पाईन्छ । संयुक्त राष्ट्र संघका तत्कालिन महासचिव कोफि अन्नानले महिला विरुद्धका हिंसा सवैभन्दा लज्जाजनक मानव अधिकारको उलंघन हो । यसबाट हामी समानता , शान्तितर्फ वास्तविक रुपमा प्रगति गर्न सक्दैनौं भनी विशेष अधिवेशन उद्घाटनमा उल्लेख गर्नु भएको थियो । महासचिवबाट व्यक्त भावनालाई समेत हेर्दा महिला अधिकारका विषयमा विश्वमा नै सोचनीय र चुनौतीपूर्ण अवस्था रहेको छ भन्न सकिन्छ,(सुनुवार २०६०) ।

शिक्षामा महिला सहभागिता बढाउनका लागि तत्कालिन श्री ५ को सरकार शिक्षा मन्त्रालयबाट विद्यालयमा छात्रा भर्नादर बढाउन वि.सं.२०४२/०४३ सालदेखि नियमित कार्यक्रमको रुपमा विभिन्न किसिमका छात्रवृत्तिहरु प्रदान गरिदै आएको छ । उक्त कार्यलाई दिगो र प्रभावकारी वनाउनको लागि वि.सं. २०४९ देखि शिक्षा मन्त्रालयमा महिला शिक्षा एकाईको स्थापना पश्चात महिला शिक्षा एकाई शिक्षा विभाग अन्तर्गत महिला शिक्षा शाखाको रुपमा रहेर विभिन्न प्रोत्साहन कार्यक्रमहरु संचालित भैरहेकाछन् ।

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०५५) अनुसार देशको आधा जनसंख्या ओगटेका महिला समूहमा ७० प्रतिशत निरक्षर छन् । प्राथमिक विद्यालय जाने उमेरका ६० प्रतिशत केटीहरु विद्यालय आएकै छैनन् । माध्यमिक,उच्च माध्यमिक तह सम्म पुग्दा धेरै केटीहरुले विद्यालय छोडीसकेका हुन्छन् । विश्वविद्यालयीय शिक्षा पाउने महिलाको संख्या नगन्य नै छ ।"छोरीलाई अरुको नासो" भनेर वेवास्ता गर्ने, चाडै विहे गरिदिने र विद्यालयमा आईहाले पनि अनेकन विकृत संस्कारका सवै कारणले गर्दा शैक्षिक दृष्टिकोणले महिला पछाडि परेकाछन् र यसबाट राष्ट्रिय विकासको अनुभव र कतिपय अध्ययन अनुसन्धानबाट महिलाहरुलाई सशक्तिकरण गर्ने शिक्षा दिक्षाका लागि सुदृढ र ठोस नीति विशेष कार्यक्रमको आवश्यकता परेको छ । सोहि प्रतिवेदनमा प्रत्येक पूर्व प्रा.वि.,प्रा.वि.,माध्यमिक विद्यालयमा अनिवार्यरुपले महिला शिक्षक राख्नु पर्ने र उच्च माध्यमिक र उच्च शिक्षामा समेत महिला शिक्षकलाई प्राथमिकता दिने, तथा शिक्षण संस्थाका निकायहरुमा महिलाहरुको पहुँच बढाउनु पर्ने ,महिलाहरुलाई सरकारी तथा गैरसरकारी क्षेत्रमा साथै शिक्षाक्षेत्रको जिम्मेवारीपूर्ण पदहरुमा नियुक्तिका लागि प्राथमिकता दिनुपर्ने, महिला शिक्षकहरुलाई प्रधानाध्यापक, जिल्ला शिक्षा अधिकारी तथा निर्देशकमा योग्यता अनुसार प्राथमिकता दिनुपर्ने जस्ता कुरा प्रस्तुत भएको पाईन्छ । त्यस्तैगरी विद्यालय व्यवस्थापन समितिमा आमा समूह वा उपभोक्ता समूहका प्रतिनिधिलाई समावेश गराउनु पर्ने उल्लेख भएबाट विद्यालय व्यवस्थापन समितिमा महिला वर्गको प्रतिनिधित्व आवश्यक महशुस गरेको पुष्टि हुन आइरहेको सन्दर्भमा शिक्षा सम्बन्धि उच्च स्तरीय कार्य समितिको प्रतिवेदन २०५८ ले त अनिवार्य रुपमा १ जना महिला सदस्य राख्नुपर्ने सुझाव प्रस्तुत गरेको पाईन्छ । यसै सुझावलाई मध्यनजर गरी राज्यले शिक्षा ऐन २०२८ (सातौं संसोधन ) तथा शिक्षा नियमावली २०५९ अनुसार विद्यालय व्यवस्थापन समितिमा कमीतमा १ जना महिला सदस्य राख्ने नीतिगत व्यवस्थाको सुरुवात गरेको पाइए तापनि अहिले सम्म महिलाहरुलाई उल्लेख्य रुपमा सहभागी गराउन नसकेको अवस्था छ ।

नवौं पञ्चबर्षिय योजना (२०५४-२०५९ ) ले महिलाहरुको उत्थानका लागि स्पष्ट नीति तय गरेको छ । देशको आधा जनसंख्या ओगटेका महिलाहरुलाई शिक्षामा सहभागिता बढाउन महिलालक्षित कार्यक्रम छात्राभर्नादरमा वृद्धि गर्ने ,शिक्षित महिलालाई शिक्षण पेशा अप्नाउन प्रोत्साहित गर्ने, शिक्षक तालिम ,छात्रा छात्रवृत्ति वितरण,अनौपचारिक शिक्षाका महिला सहभागिहरुका लागि आयमूलक सीप विकास

सम्बन्धि कार्यक्रम, छात्रा भर्ना संख्या वढी र टिकाउ गर्ने विद्यालयलाई पुरस्कार जस्ता कार्यक्रमहरु संचालन गर्ने नीति लिएको पाईन्छ । सारांशमा नवौ योजनाले महिला सम्बन्धि नीति कार्यनीति निम्न ३ वुंदामा आधारित रहेर अघि सारेको पाईन्छ ।

क) महिलालाई मूलप्रवाहमा समाहित गर्ने ।

ख) लैंगिक भेदभाव हटाउने ।

ग) सशक्तिकरण गर्ने ।

दशौं योजना (२०५४-२०६४) मा पनि महिलाहरुको शैक्षिक स्तरमा वृद्धि गर्नका लागि शिक्षामा लैंगिक समानतालाई प्रमुख तत्वको रुपमा हेरेको पाईन्छ । शिक्षामा महिला,दलित एवं पिछडिएको वर्गको पहूंच बढाउन छात्रवृत्तिको व्यवस्था,महिला शिक्षिका,प्राविधिक शिक्षामा जोड दिईने  तथा अध्ययन , अध्यापन , प्रशिक्षण,नीति निर्माण एवं व्यवस्थापनमा ठोस लैंगिक संवेदनमूलक सुचांक तयार गरी लैंगिक संवेदनमूलक सुचांक परीक्षण (Gender Auditing) प्रणाली लागू गर्ने खालका उद्धेश्य तयार गरिएको छ ।

राष्ट्रिय जनगणना २०५८ को तथ्याङ्क अनुसार नेपालको जनसंख्या २३१५१४२३ रहेको छ । यस मध्ये महिला ५०.४०प्रतिशत र पुरुष ४९.६० प्रतिशत रहेकाछन् । देशका करिब ८० प्रतिशत जनता कृषि पेशामा संलग्न छन् । अन्य विकसित देशका जनताको तुलनामा नेपाली जनताको जीवनस्तर अति नै पिछडिएको अवस्थामा छ । यसमा पनि नेपालको आधा भन्दा वढी भाग ओगटेका महिलाको अवस्था अझ दयनीय छ । अधिकांश महिलाहरु शिक्षाको अवसरबाट बञ्चित छन् । २०५८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्याको ५३.७ प्रतिशत जनतामात्र साक्षर रहेकाछन् । जसमा पुरुष साक्षरता ६५.१प्रतिशत र महिला साक्षरता ४२.५प्रतिशत रहेको छ ।

चितवन जिल्लामा कुलजनसंख्या ४७२०४८ मध्ये पुरुष २३५०८४(४९.८ प्रतिशत) र महिला २३६९६४ (५०.२ प्रतिशत) रहेको देखिन्छ । उल्लेखित तथ्याङ्कबाट आधा भन्दा वढि जनसंख्या महिलाको रहेको पाईन्छ । त्यसैले समाजको हरेक व्यवस्थापकीय पक्षमा महिलाहरुको पुरुषहरु सरहकै सहभागिता हुन

जरुरी देखिन्छ । तर व्यवस्थापकीय क्षेत्रमा महिला सहभागिता शून्य कै अवस्थामा रहनु पक्कै पनि एक्काइसौं शताब्दीको चुनौतीको रुपमा रहेको छ ।

लोकतन्त्रको स्थापना पछि ३३ प्रतिशत महिलाहरुलाई संविधान मार्फत आरक्षणको व्यवस्था गरिने संकल्प प्रस्ताव प्रतिनिधि सभाले पारित गरेको र नेपालको अन्तरिम संविधान २०६३ मा समेत महिलालाई राज्यको हरेक अंगमा ३३ प्रतिशत सहभागिता गराउने व्यवस्था गरेको देखिन्छ । यो पनि महिला आन्दोलनको उपज हो । यद्यपि सामाजिक न्याय र संख्यात्मक हिसावले पनि महिला सहभागितालाई ५० प्रतिशत पुऱ्याउने राज्यले नीतिगत व्यवस्था गर्नुपर्ने देखिन्छ । तर हालसम्म पनि सम्बन्धित सरोकारवालाहरुको  यसतर्फ ध्यान पुग्न सकेको देखिदैन ।

औपचारिक रुपमा शिक्षा हासिल गर्ने महिलाको संख्यामा उल्लेख्य रुपमा वृद्धि भए तापनि समाजका सामाजिक संगठनहरुको व्यवस्थापनमा महिलाहरुलाई जिम्मेवारी दिन कन्जुस्याईं भएको देखिन्छ । शैक्षिक चेतनाको कमी, सामाजिक अन्धविश्वास, रुढीवादी परम्परा ,आर्थिक अवस्था जस्ता प्रमुख कारणहरुले गर्दा महिलाहरु सधैं पछाडि परेको देखिन्छ । वास्तवमा जनसंख्याको हिसाबले आधा हिस्सा ओगटेका महिलाहरु कमजोर देखिनुमा पितृसत्तात्मक संरचना नै जिम्मेवार देखिएको छ । महिलालाई सन्तान उत्पादन गर्ने साधनका रुपमा लिने , घरपरिवार र आर्थिक क्रियाकलापमा निर्णय गर्ने अधिकार नदिने , सामाजिक संघ संस्थाहरुमा महिलाहरुको उच्च स्थान र सहभागितालाई सहज रुपमा स्वीकार्न नसक्ने , १८/१८ घण्टा काममा खटिईदा पनि काम नगर्ने हुने जस्ता महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा हेर्ने प्रवृत्तिले गर्दा महिलाहरु को स्थिति कमजोर र दयनीय बन्न पुगेको हो । के हरेक पुरुष जन्मदैमा पुरुषत्व लिएर आएको हुन्छ ? के महिला जन्मिदैमा नारीत्व लिएर आएको हुन्छिन् ? यसै सन्दर्भमा कमला भासिन भन्दछिन " जन्मिदा हरेक महिलामा पुरुषत्व र हरेक पुरुषमा नारीत्व पनि हुन्छ । "

बालबालिकाहरु सामाजिकरण हुने क्रममा बालक र बालिका वीच असमान व्यवहार हुदै जांदा उनीहरुमा त्यस्ता गुणहरु आदतका रुपमा विकास हुंदै जान्छन् । त्यसैले बालबालिका विचको सामाजिक वातावरणलाई पनि भेदभाव मुक्त बनाउन जरुरी भएको छ ।

चितवन जिल्लाका १३ स्रोतकेन्द्रहरु मध्ये दिव्यनगर स्रोतकेन्द्र अन्तर्गतका २६ वटा सामुदायिक विद्यालयहरुमा महिला शिक्षाको स्थिति , विद्यालय व्यवस्थापन र शैक्षिक योजना निर्माणमा महिलाहरुको सहभागिता कस्तो छ ? उल्लेख्य सहभागिता किन हुन सकेको छैन ? व्यवस्थापन पक्षमा सहभागि हुन महिलाहरु किन पछाडि परेकाछन् ? के सांच्चिकै महिलाहरु व्यवस्थापनको जिम्मेवारी लिन असक्षम छन ? सहभागी भएकाहरु पनि किन क्रियाशील हुन सकिरहेका छैनन् ? सहभागितामा बञ्चित गराउने कारक तत्वहरुको दीर्घकालिन समाधानको उपाय खोज्नु यस अध्ययनको मुख्य अभिप्राय रहेको छ । यस अध्ययनको निस्कर्षवाट विद्यालय व्यवस्थापनमा महिला सहभागिता वृद्धि गर्न नीतिगत व्यवस्थाका लागि सरोकारवालाहरुलाई सहयोग पुग्न जाने आशा गरिएको छ ।

## १.२ समस्याको कथन

नेपाल जस्तो विकासोन्मुख देशमा महिला वर्ग अहिले सम्म अशिक्षा र अज्ञानताको भूमरीमा रहनाले एकातिर पारिवारीक सुख,सन्तुष्टिको स्थितिवाट हामी बञ्चित छौं भने अर्कोतिर यसले देश विकासमा ठूलो अवरोध ल्याएको देखिन्छ । विश्वकै आधा जनसंख्या ओगट्ने महिलाहरु पुरुषहरुको तुलनामा पछि परिरहेका देखिन्छन् । नेपाली सामाजिक परिवेशमा पुरुषहरुकै बाहुल्यता छ । " एक हातले मात्र ताली बज्दैन " भने भ्कै पुरुष मात्र शिक्षित भएर देश विकास गर्न गाह्रे हुने भएकाले महिला वर्गमा पनि पुरुष सहरको शिक्षाको प्रचार प्रसार हुन आवश्यक छ । छोरी जन्मदा परिवारमा निराशा व्याप्त हुने र छोरा जन्मदा परिवारमा खुसीको लहर फैलिनु जस्ता कुसंस्कारले गर्दा प्रत्यक्ष अप्रत्यक्ष रुपले " छोरीहरुले " आमाबाबा वाटै विभेदको शिकार हुनु परेको छ । घरको काममा महिला नै पिल्सिनु पर्ने बाध्यात्मक स्थिति यथावतै छ । छोरीलाई अर्काको नासोको रुपमा स्वीकार गर्ने कुसंस्कृतिले गर्दा नेपाली छोरीहरुमा दक्षता , सुभ्कवुभ्क र तिक्ष्ण वुद्धि भएतापनि शिक्षा ग्रहण गर्ने अवसरवाट बञ्चित हुनुपर्ने बाध्यताले गर्दा विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता साह्रै कम देखा परेको छ । गर्भावस्था देखि नै शुरु भएको भेदभाव छोरी नानीहरुको समाजिकीकरणको अवस्थासम्ममा अभ्क बढी टड्कारो रुपमा प्रस्ट हुने गरेको छ ।उनीहरुको खानपान , स्वास्थ्य सुविधा , शिक्षादिक्षाको प्रवन्ध जस्ता कुराहरुमा छोरीहरुले आफ्नो घरपरिवार वाट स्पष्ट विभेद खप्नुपरेको स्थितिले गर्दा मानसिक रुपले पनि उनीहरु आफ्नो

जीवनभर अवला र कमजोर भएर बाच्नपर्ने स्थिति विद्यमान रहि आएको छ । महिलाहरुलाई शिक्षा दिने र सामाजिक कार्यमा सहभागी हुन सामाजिक परिवेशवाट नै विभेद सिर्जना भइरहेको छ । यस किसिमको सामाजिक विभेदका विरुद्ध सरकारी पक्षवाट चेतनामूलक कार्यक्रम संचालन गरी नेपाली सामाजिक परिवेशमा व्यापक परिवर्तन ल्याई नेपालीहरुको दरिद्र मानसिकतामा आमूल परिवर्तन गर्दै महिलाहरुको शैक्षिक स्तरमा वृद्धि गर्नुपर्दछ । अनिमात्र महिलाहरुले हरेक क्षेत्रमा आफ्नो सक्रिय भूमिका प्रस्तुत गर्न सक्छन् । त्यस्तैगरि उनीहरु विद्यालय व्यवस्थापन समितिमा पनि सक्रिय सहभागी हुदै निर्णायक मत दिन सक्छन् । समाज महिला र पुरुषको समग्र रुप हो । सामाजिक संघ संगठन पनि महिला पुरुषको समग्र रुप हो । त्यसर्थ यसको व्यवस्थापनमा पनि महिला पुरुषको समान सहभागिता हुनु जरुरी छ । रथका दुई पांग्रा मध्ये एक पांग्रा कमजोर भएमा रथ हिड्न नसके झै महिलाहरु कमजोर भएमा समाज रुपी रथ पनि अगाडि बढ्न सक्दैन । नारी समाजको जननी हुन् । त्यसैले महिला पुरुष बीच भेदभाव नराखी वर्तमान सन्दर्भमा महिला सशक्तिकरण राज्यको महत्वपूर्ण एजेण्डा बन्नु पर्दछ । दृढ इच्छाशक्ति र सांचो प्रतिवद्धता विना यस क्षेत्रमा प्रगति हुन नसक्ने हुदा जिम्मेवार निकायहरु बढि सम्वेदनशील हुनु जरुरी छ । " सबैका लागि शिक्षा " भन्ने मान्यतालाई साकार पार्नका लागि सबै पक्षवाट इमान्दारितापूर्वक काम गर्नु पर्ने आवश्यकता टड्कारो देखिन्छ । महिलाहरुलाई हर दृष्टिकोणवाट सवल एवं सक्षम बनाई उनीहरुमा पुरुष सरहेको हैसियत निर्माण गराउनु वर्तमान युगको माग हो । त्यसैले WID, WAD,GAD Strategies को अध्ययन गरी समाजमा समानता , सामाजिक न्याय र व्यवस्थापकिय कार्यमा उनीहरुको सहभागिता र सक्रियता कस्तो छ ? विद्यालयको व्यवस्थापकीय कार्यमा सहभागी हुन के कस्ता कार्यले वाधां पुऱ्याइरहेको छ ? यस संग सम्वन्धित समस्याहरु के के होलान् ? यस कार्यमा महिलाहरुको समान सहभागिता र सक्रियता बढाउन के के गर्नुपर्ने ? जस्ता प्रश्नहरुको उत्तर खोज्नु यो अध्ययनको मूल आशय हो ।उपर्युक्त तथ्यको मनन गरी सामुदायिक विद्यालय व्यवस्थापन समितिमा महिला सहभागितालाई यस अध्ययनको समस्याको कथनको रुपमा लिएको छ ।

## १.३ अध्ययनको औचित्य

वर्तमान समयमा समाजमा समावेशी लोकतन्त्रको कुरा उठिरहेको सन्दर्भमा शैक्षिक संस्थाहरुलाई पूर्ण रुपमा लोकतान्त्रिकरण र समावेशीकरण गराउने राज्यको दायित्व हुन आएको छ । जनसंख्याको आधा

हिस्सा ओगटेका महिलाहरुलाई समाजका हरेक गतिविधिमा समावेशीकरण गराउनु पर्ने समयको माग एकातिर रहेको छ भने अर्कोतिर महिलाहरुलाई हरेक अवसरवाट वञ्चित गराउने सामाजिक प्रवृत्ति रहि आएको छ । राज्यले शिक्षामा समान अवसर लागू गर्न खोजीरहेको अवस्थामा स्थानीय स्तरका शैक्षिक संस्थाहरुमा लैगिक विभेद भएमा शिक्षाको विकासमा गतिरोध सिर्जना हुन सक्दछ । आर्थिक रुपमा अधिकार सम्पन्न हुन नसकेका कारणवाट महिलाहरु शिक्षाको अवसरवाट पनि वञ्चित हुन पुगेका छन् । उनीहरु धेरै संख्यामा चेलीवेटी वेचविखनको शिकार भएका छन् । आफ्नो शरिर माथि आफ्नो अधिकार प्राप्त गर्न नसकि विभिन्न किसिमका जोखिममा परिरहेका छन् र सवै भन्दा डरलाग्दो सामाजिक हिंसाको शिकार बनेका छन् । यस्तो वास्तविकतातिर राज्यको र स्थानीय समाजको समेत ध्यान आकर्षण नभइ रहेको वर्तमान समयमा यस विषयको अध्ययन पश्चात निम्न लिखित सहयोग मिल्नेछ ।

१. विद्यालयलाई विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता वृद्धि गर्न आवश्यक सहयोग पुग्नेछ ।
२. नीति निर्माताहरुलाई महिला सहभागिता वृद्धि गर्नका लागि के कस्ता कार्यक्रम बनाउन पर्दछ भन्ने मार्ग निर्देशन हुनेछ ।
३. विभिन्न संघ संस्थालाई के कस्ता महिला लक्षित कार्यक्रम संचालन गर्नु पर्दछ भन्ने सुझाव मिल्नेछ ।
४. विभिन्न सरोकारवाला निकायहरुलाई महिला सहभागितामा वृद्धि गर्न र विद्यालयमा व्यवस्थापनमा महिलाहरुको पहुच विस्तार गर्न सहयोग मिल्नेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य निम्नानुसार रहेका छन् ।

१. सामूदायिक विद्यालयहरुको व्यवस्थापन समितिमा महिला सहभागिताको स्थिति पहिचान गर्ने ।
२.विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता र सक्रियता सम्बन्धी समस्याको पहिचान गर्ने ।

३.विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता र सक्रियता सम्बन्धी समास्याका समाधानका उपायहरु पहिल्याउने ।

## १.५ शोध प्रश्न

यस अध्ययनका शोध प्रश्नहरु निम्न छन् :

(क) सामुदायिक विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिताको स्थिति के छ ?

(ख) सामुदायिक विद्याालय व्यवस्थापन समितिमा महिला सहभागिता र क्रियाशिलताका लागि के के समस्या छन् ?

(ग) उक्त समस्या समाधानका उपायहरु के के हुन सक्लान् ?

## १.६ अध्ययनका सिमाहरु

यस अध्ययनको उद्देश्य र क्षेत्र व्यापक भए तापनि समय,साधन र स्रोतको अभावलाई मध्यनजर गरी निम्न सिमाहरु तोकिएको छ :

१. यो अध्ययन चितवन जिल्लाको दिव्यनगर स्रोतकेन्द्रमा सिमित गरिएको छ ।

२. यो अध्ययनलाई सामूदायिक विद्यालयमा सिमित गरिएको छ ।

३. विद्यालय व्यवस्थापन अन्तर्गत पनि महिलाहरुको सहभागिता र सक्रियताको पहिचान र समस्या समाधानका लागि सुझावहरु पेश गर्ने परिधिमा अध्ययन लाई सिमित गरिएको छ।

४. श्रोत संकलनका लागि नमूनामा परेका विद्यालयहरुका अभिभावक,प्र.अ.,शिक्षक शिक्षिका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा पदाधिकारि , महिला सदस्य अभिभावक,वि.नि.,स्रोतव्यक्तिलाई सूचनाको स्रोत मानिएको छ ।

५. सानो भौगोलिक क्षेत्रभित्र रही अध्ययन सम्पन्न गरिने हुदा यसको नतिजा अन्य क्षेत्रका निमित्त सामान्यीकरण नहुन पनि सक्छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको सिंहावलोकन तथा सैद्धान्तिक खाका

कुनै पनि अध्ययन अनुसन्धानलाई पूर्णता प्राप्त गर्नको लागि सो अध्ययन तथा अनुसन्धानसँग सम्बन्धित विभिन्न लेख-रचना, पत्र-पत्रिका तथा वुद्धिजिवीहरुका भनाइहरुलाई समेट्नु पर्ने हुन्छ । त्यसै गरी सामुदायिक विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता नामक शीर्षक चयन गरी गरिएको यस अनुसन्धानमा पनि विभिन्न पत्र-पत्रिका तथा बुद्धिजिवीका भनाईलाई सिंहावलोकनको रुपमा प्रस्तुत गरिएको छ :

## २.१ सम्वन्धित साहित्यको सिंहावलोकन

विद्यालय व्यवस्थापनमा महिला न्यून हुनाका कारणहरुको सन्दर्भमा शिक्षा विद्हरुका लेख,रचना र शिक्षा सम्वन्धि आयोगका प्रतिवेदनमा दर्शाइएका कुराहरु मेरो अध्ययनमा समावेश गरी सम्वन्धित साहित्यको पूनरावलोकन गर्ने प्रयास गरिएको छ ।

गोरखापत्र दैनिक ( २०६७) ले उदृत गरे अनुसार विश्व जनसंख्या प्रतिवेदन सन् १९९६ मा आमाको शिक्षाले मात्र उनको परिवार सानो बनाउन र उनका बालबालिकाहरुलाई जीवित राख्न मद्दत गर्न सक्दछ । परम्परागत जीवन शैलीले महिलाहरुको स्वास्थ्य खतरामा पार्न सक्छ । यसवाट बच्ने एउटा बलियो सुरक्षा शिक्षा हो । शिक्षाले महिलाहरुलाई आफ्नो विकास गर्न सक्षम बनाउंदछ । शिक्षाले नै महिलाहरुलाई आमा हुने परिधि बाट बाहिर जान मद्दत गर्दछ । शिक्षित महिलाहरुले परिवारको गुणात्मक जीवनलाई उच्च प्राथमिकता दिन्छ ।

आचार्य (२०६१) ले पारम्परिक संरचना , ज्ञान र रचनामा अल्झिएको बालिका शिक्षाको सिमा नामक शीर्षकमा उल्लेखित गरे अनुसार परम्परागत संरचनाभित्र बांचेको आमा बाबु दाजुभाई,इष्टमित्र,छरछिमेक र समाजले बालिकालाई अर्काको घरमा जाने जात, छोराछोरी जन्माउने हुर्काउने जात, बुद्धि नहुने र कमजोर जात , समग्रमा दोस्रो दर्जाको जातको रुपमा स्वीकारेका छन् ।

बालिकाहरु भ्रुणावस्था देखि नै उपेक्षित छन् , उनीहरुको शैक्षिक अवसर सर्व सुलभ पहूंचभित्र छैन र पारीवारिक संरचनाले बालिकाको शैक्षिक उपयोगिता देखेको छैन त्यसैले उनीहरुलाई प्राथमिक तह सम्मको शिक्षामा सिमित गरिएकोछ । हाम्रो परम्परागत संरचनाले छोरी मान्छेले धेरै पढेर काम छैन , जति पढेपनि घरको काम काज गर्न परिहाल्छ भनेर शैक्षिक सिमा तोकेको कारणले वालिकाहरु पढाइ लेखाई प्रति अभिप्रेरित छैनन् भनि लेखिकाले महिला शिक्षाको यथार्थ पाटो प्रष्ट पार्नु भएको छ ।

पौडेल (२०५५) ले शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा नामक पुस्तकमा उल्लेख गरे अनुसार विद्यालयमा देखिएका लैंगिक असमानतालाई आत्मसात गरी विगतका शिक्षामा महिलाहरुको सहभागितामा कमी हुनुमा मुख्यतया आर्थिक तथा सामाजिक कारणहरु प्रमुख रहेको कुरा पौडेलले बताउनु भएको छ । महिलाहरुको सहभागितामा कमी हुनुमा आर्थिक विपन्नता , शैक्षिक चेतनाको कमी,परम्परागत सामाजिक धारणा,अन्ध विश्वास तथा रुढिवादी धारणा, वाल विवाह , घरायसी काममा महिलाको बढी संलग्नता आदिलाई उल्लेख गरेको पाईन्छ ।

गुरुङ्ग,(२०६०) द्वारा समाजको संकिर्ण दायरामा महिलाहरु भन्ने लेखमा उल्लेख गरे अनुसार विश्व एक्काइसौं शताब्दिमा पुगेको वर्तमान नेपाली समाजको दायरा फराकिएन भन्दै कुनै पुरुषसँगको निकटता र आत्मिय सम्वन्धको वास्तविकता नवुझि अनावश्यक रुपमा हुने टिकाटिप्पणी चियोचर्चोले गर्दा नारीले आफूलाई निर्धक्क रुपमा प्रस्तुत गर्न सक्दिनन् । महिला प्रतिको समाजको कसिलो वन्धन र पुरुष प्रधान समाजमा महिलाहरुलाई आमा र पत्निको रुपमा वाहेक अन्य भूमिकामा देख्न नचाहने मानसिकता एवं दासी वा दोस्रो दर्जा दिने संकिर्ण सोच र मनोवृत्तिले गर्दा महिलाहरुले कहिल्यै आफूलाई पूर्ण रुपमा स्वतन्त्र भएको अनुभूति गर्न सक्दैनन् भन्दै मूल जरोको रुपमा नारी शिक्षाको आवश्यकतालाई औंल्याएको पाईन्छ । समाजको संकिर्ण दायरावाट महिलालाई माथि उठाई सामाजिक सोचाइमा परिवर्तन ल्याउन नारी शिक्षा अपरिहार्य छ । पुरुषहरु सरह शिक्षा दिएमा महिलाहरु पनि आत्म निर्भर हुन सक्दछन् र समाजका नारी र पुरुषको वरावरी अस्तित्व भएमा एक रथका दुई पाग्रा भएर राष्ट्रको, समाजको र घरपरिवारको विकासमा मद्दत पुग्ने कुरा औंल्याइएको पाईन्छ ।

उपाध्याय (२०६१) ले नेपालको पहाडी जिल्ला दैलेखका माध्यमिक तहमा छात्राहरुको सहभागिताको अध्ययन गर्ने उद्देश्यले शोधपत्र तयार पार्नु भएको छ । दैलेख जिल्लाका मा.वि.मा कुल छात्र छात्राहरुको भर्ना स्थितिको पहिचान गर्ने , छात्रा भर्ना दरमा कमी आउनुको कारणहरुको विश्लेषण गर्दै उक्त तहमा छात्रा भर्ना दरमा कमी आउनुमा सामाजिक समस्याहरु पहिल्याउने र उक्त समस्या समाधानको लागि उपयुक्त उपायको खोजी गरी सुझाव समेत प्रस्तुत गर्ने जस्ता उद्देश्य हरु उक्त शोधपत्रमा उल्लेख गरिएको छ । अध्ययन क्षेत्रमा शैक्षिक वर्ष २०५७ मा छात्रा भर्ना दर ४०.२३ प्रतिशत,२०५८ मा ४१.२३प्रतिशत र २०५९ मा ४२.२६ प्रतिशत पुगी क्रमश बढ्दो स्थितिमा रहेको उल्लेख गरिएको छ । शिक्षामा महिलाको न्यून सहभागिता हुने कारणमा जन चेतनाको कमी,विरामी पर्ने , आर्थिक कमजोरी र घरधन्धाको जिम्मेवारी लिनुलाई देखाइएको छ । आर्थिक समस्या लैंगिक सचेतताको अभाव,राष्ट्रिय शिक्षा नीति, व्यवसायमूलक शिक्षाको अभाव जस्ता कारक तत्व का रुपमा रहेको कुरा उल्लेख गरिएको छ । समस्या समाधानका लागि शोधकर्ताले निम्न कुरामा जोड दिएको देखिन्छ ।

क) लैंगिक विभेद हटाउन पर्ने ।

ख) सीपमूलक शिक्षा प्रदान गर्नुपर्ने ।

ग) गरीब तथा असहायलाई विशेष शिक्षाको व्यवस्था हुनु पर्ने ।

घ) सचेतता फैलाउनको लागि शिक्षाको विकास गर्नु पर्ने ।

ङ) मा.वि. तहसम्म छात्रालाई निःशुल्क शिक्षा दिनु पर्ने ।

च) महिलाहरुलाई अध्ययन पश्चात रोजगारीको ग्यारेन्टी हुनुपर्ने ।

यसका साथै शोधकर्ताले गाउँलाई हेरेर शिक्षा नीति बनाइनु पर्ने एवं समाज निर्माणका लागि महिलालाई शिक्षा,राजनीति,रोजगार जस्ता क्षेत्रमा पुरुषको वरावर हिसावमा सहभागी गराउन लैंगिक सचेतता अपनाउनु पर्ने कुरामा जोड दिएको पाईन्छ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९) ले उदृत गरेअनुसार प्राथमिक विद्यालयको सबै भन्दा कमजोर र विग्रेको पक्ष व्यवस्थापन हो । शैक्षिक व्यवस्थापनमा उत्तरदायी भावनाको कमी छ विद्यालयहरु तोकिए जति चल्दैनन् । उपस्थिति कम हुन्छ । त्यहांका सर सामान व्यवस्थित छैनन् । कक्षाकोठा फोहर हुन्छन् । बस्नेप्रवन्ध मिलेको हुदैन र पाठ्यसामाग्री पनि अव्यवस्थित हुन्छन् ।

शिक्षकहरुको योग्यता र कार्यक्षमताको समूचित मूल्याकंन हुन सकेको छैन । विकेन्द्रीकरणको व्यवस्था व्यावहारिक रुपमा लागू हुन सकेको छैन । शैक्षिक कर्मचारीको दरवन्दी आवश्यकता अनुसार भएको छैन र शैक्षिक व्यवस्थापनलाई प्राविधिक स्वरुप प्रदान गर्न सकिएको छैन । भनी उल्लेख गरेको पाइन्छ ।

सिटौला, (२०५५) द्वारा उल्लेख गरिए अनुसार शैक्षिक संस्थाका लागि शिक्षा व्यवस्थापन महत्वपूर्ण पक्ष हो । शिक्षण सिकाइ एक सामाजिक प्रक्रिया भएकोले प्र.अ.,शिक्षक,विधार्थी ,अभिभावक र वि.व्य.स.बीच घनिष्ट र सुमधुर सम्बन्ध हुनुपर्दछ । यस्तो सम्बन्धले नै शैक्षिक उपलब्धिमा सुधार ल्याउन सकिन्छ । विद्यालयको पठनपाठन स्तरीय बनाइ शैक्षिक उपलब्धी उच्च बनाउन शैक्षिक व्यवस्थापन , आर्थिक व्यवस्थापन र भौतिक व्यवस्थापन राम्रो हुनुपर्दछ भनी शोधकर्ताले आफ्नो शोधपत्रमा उल्लेख गर्नुभएको छ ।

शिक्षा विभागद्वारा २०५९/०६० र २०६०/०६१, मा तयार पारिएको अध्ययन प्रतिवेदन अनुसार वि.व्य.स.मा महिलाले सकारात्मक भूमिका ननिभाएको, महिलाले वि.व्य.स.मा सक्रिय भूमिका खेल्न नसकेको वा विद्यालय व्यवस्थापन समितिले महिला सदस्यलाई राम्रो परिचालन गर्न नसकेको हो । यसले के जनाउंछ भने त्यस्तो किसिमको गतिविधि संचालन गर्नुपर्छ जसले विद्यालय विकासमा महिलालाई प्रेरित गरोस् ।

वलायर, (२०६६) का अनुसार महिलाहरुको विकासमा मुलप्रवाहीकरण गरी राष्ट्रिय समुन्नतीका लागि शिक्षा साधन र साध्य दुवै हो भन्ने कुरा सवै क्षेत्रबाट स्वीकार गरि सकिएको छ । तर गरीवी , पिछडापन , परम्परागत सोंचका कारण आम महिला तथा निम्न आय भएका र दबिएका परिवारलाई अगाडि बढाउन शैक्षिक अवसर एक चुनौतीका रुपमा देखिएको छ । जसका लागि मानवजातीका संस्कारगत (cultura)पक्षहरुलाई परिवर्तन गर्नका लागि परम्परागत सोंच भन्दा माथि उठेर संस्कारपरक क्रान्ति (Cultural Revolution ) ज्यादै महत्वपूर्ण रहन्छ । जे जति परिवर्तनका कुरा उठे तापनि हाम्रा सोंचहरु भित्र प्रति उत्पादन (Re Production) ले जब सम्म जरा गाडिरहन्छ नीति निर्माणदेखि कार्यान्वयन तहसम्मका सोंचभित्र सांकेतिक संस्कार

(Symbolic culture) हावी भईरहन्छ । यसबाट परिवर्तनको कल्पना गर्न सकिदैन भनि लेखकले आफ्नो लेखमा महिला सहभागिताको अपरिहार्यतालाई स्वीकार गर्नुभएको छ ।

नेपालको अन्तरिम संविधान (२०६३) अनुसार को भाग १ धारा १३ को उपधारा २ र ३ मा समानताको हकको बारेमा उल्लेख गरिएको छ । धारा १८ उपधारा २ मा सुरक्षाको हक धारा २० मा महिलाको हक, धारा २१ म समाजिक न्यायको हक, भाग ४ धारा ३३ (घ) मा महिलाको समस्यालाई सम्वोधन गर्नराज्यको केन्द्रीकृत र एकात्मक ढांचाको अन्त्य गरी राज्यको समावेशी , लोकतान्त्रिक र अग्रगामी पुर्न संरचना गर्ने राज्यको दायित्व हुने कुरा उल्लेख गरेको पाइन्छ । धारा ३४ को उपधारा ४ मा आर्थिक स्रोत र साधनलाई महिलाको पहूचमा पुऱ्याउने , धारा ३५ को उपधारा ८ मा महिला वर्गको शिक्षा , स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागिता वनाउने नीति राज्यले अवलम्वन गर्ने व्यवस्था गरिएको पाईन्छ । यसै गरी धारा ३५ कै उपधारा १४ र १७ मा पनि महिलाहरुको वारेमा उल्लेख गरिएको छ । भाग ७ धारा ६३ को उपधारा ४ मा एक तिहाई महिला हरेक राजनीतिक दलहरुले संविधान सभामा पठाउनु पर्ने छ भन्ने व्यवस्था गरिएको छ ।

शिक्षा ऐन नियमावली (२०५९) अनुसार महिलाहरुका सम्वन्धमा तपसिल वमोजिमको व्यवस्था भएको देखिन्छ :

क) जिल्ला शिक्षा समितिमा २ जना महिला सदस्य (दफा ११ को उपदफा २ घ)

ख) गाउं शिक्षा समितिमा १ जना महिला सदस्य (दफा ११८ को उपदफा १ ग)

ग) विद्यालय व्यवस्थापन समितिमा १ जना महिला सदस्य (दफा १२ उपदफा १ ख)

घ) प्राथमिक विद्यालयमा तीन जना सम्म शिक्षक दरवन्दी भए कमीतमा १ जना, सात जना सम्म शिक्षक दरवन्दी भए कमीतमा २ जना, र सो भन्दा वढी शिक्षक दरवन्दी भए कम्तीमा ३ जना महिला शिक्षिकाको पद रहनेछ (नियम ९१ उपनियम १)

ङ) सामुदायिक विद्यालयले गरिवीको रेखामुनी रहेका दलित,जनजाती र महिला लगायत अन्य विद्यार्थीहरुलाई निशुल्क शिक्षाको व्यवस्था गर्नु पर्नेछ (नियम १५२ उपनियम १)

## २.२ सैद्धान्तिक खाका

### (क) सामाजिक विभेदिकरणको सिद्धान्त

जर्मन समाजशास्त्री माक्स वेवर जसले समाजका विभिन्न व्यक्तिको आफ्नो आर्थिक , सामाजिक र राजनीतिक स्थितिका आधारमा विभिन्न व्यवहार, आदत , क्षमता आदि देखा पर्दछन् भनेका छन् । यसैलाई व्यक्ति वा समूहको प्रतिष्ठा भनिन्छ । समाजमा विभेदीकरण अपरिहार्य रहेको विचार व्यक्त गरेका छन् । समाजको प्रतिष्ठा भनेकै विभेदिकरण हो । मानिसहरु माथिल्लो स्तरमा पुग्न सघर्ष गरिरहनु पर्ने हुन्छ । विभेदिकरणको अभावमा समाज सुचारु रुपले चल्न सक्दैन समाजमा महिला र पुरुष वीच विभिन्न विभेदहरु उत्पन्न भई प्रतिस्पर्धाको भावना जागृत हुन्छ र उनीहरुले शिक्षा प्राप्तीमा अग्रसरता देखाउन सक्छन् । यस सन्दर्भलाई दृष्टिगत गरी नारी र पुरुष वीचको विभेदवाट उत्पन्न हुने प्रतिस्पर्धाले विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता र सक्रियता कस्तो छ भन्ने दृष्टिकोणवाट विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### (ख) मानव सम्बन्ध सिद्धान्त

मेरी पार्कर फोलेट व्यक्तिहरुका भावना र चाहना वुझेर कार्यान्वयनको प्रारम्भिक अवस्था देखि नै मानवीय सम्वन्ध विकास गर्नुपर्दछ भन्दै सहभागिता मूलक सिद्धान्तलाई जोड दिएकी छन् मेरो पार्कर फोलेटले । मानवीय नाताको स्थापना गरी मनौवैज्ञानिक ढांचावाट विभिन्न मनमुटाव, झगडा, असमझदारी, कलुषित भावना आदिको समाप्ती गर्नु पर्दछ । जति धैरै राम्रो समन्वय र सम्वन्ध स्थापना गर्न सक्यो काममा त्यत्तिनै स्तरीयता र प्रभावकारीता हासिल हुन्छ । सामूहिक भावनावाट नै अत्यधिक सफलता हासिल हुने उनको तर्क छ । सक्रिय सहभागिताको अत्यधिक महत्व हुन्छभन्ने उनको भनाइ रहेकोछ । यसै सन्दर्भलाई दृष्टिगत गरी विद्यालय व्यवस्थापन समितिमा महिलाहरुको सहभागिता र सक्रियता कस्तो छ ? सहभागिता र सक्रियता वृद्धि गर्न गरिएको समन्वय र सम्वन्धको बारेमा विश्लेषण गरिएको छ ।

## २.३ शैक्षिक उपादेयता

सम्बन्धित साहित्यको पूनरावलोन गर्दा  महिलाहरु समाजका हरेक पक्षमा विभिन्न कारणहरुले गर्दा पछाडि परेको तथ्य उजागर भएको पाईयो । महिलाहरुलाई समाजका हरेक पक्षहरुमा सहभागी नगराई अवको विकासले हामीले सोचे जस्तो गति लिन नसक्ने देखिन्छ । देशमा समावेशी लोकतन्त्रको वारेमा वहस चलिरहेको  छ भने  समाजका विभिन्न पक्षमा महिलाहरुलाई समाबेश गराउन हिच्किचाइ रहेको स्थिति पनि हाम्रो सामु विद्यमान रही आएको छ । यसो हुनुमा  स्वयं महिलाहरु आफू पनि जिम्मेवार छन् । महिलाहरु उत्साहित वन्न नसक्नुका पछाडि पनि धेरै कारणहरु हुन सक्छन् । तर ती कारणहरु सतहमा आउन नसकि भूमिगत रहिरहेको स्थिति छ । सधै यथास्थितिमै वांच्ने वानी परेका महिला वर्गलाई कसरी समाजको मुलप्रवाहीकरणमा ल्याउन सकिन्छ भनेर विभिन्न उपायहरुको खोजी गर्नका लागि सम्बन्धित साहित्यको पुनरावलोकनले निकै नै सहयोग गरेको महशुस गरिएको छ ।

पूर्व साहित्यको पुनरावलोकनवाट तिनीहरुमा रहेका कमि कमजोरी पत्ता लगाई आफनो अध्ययनको उद्देश्य पुरा गर्न के कस्ता तथ्याकंहरु कुन विधीवाट संकलन गर्ने र तिनीहरुलाई व्यवस्थित ढंगले कसरी व्याख्या विश्लेषण गर्ने साथै सैद्धान्तिक खांकाहरुको खोजी गरी अनुसन्धानको विषय अनुसार उपयोगी भए नभएको र त्यसमा के कस्ता कमजोरीहरु छन् साथै सैद्धान्तिक खाकामा रहेका विचलनलाई हटाई आफनो खोज अनुसन्धानको विषय अनुसारको सैद्धान्तिक खाका छनौट गर्न र अनुसन्धानमा हुन सक्ने दोहोरोपनको समस्या हटाई नयां विषय वस्तुको वारेमा खोजी गर्न शोधकर्ता लाई मार्ग निर्देशन मिलेको छ ।

## परिच्छेद तीन

## अध्ययन विधि

### ३.१ अनुसन्धान ढाँचा

अनुसन्धानका लागि निश्चित योजना तथा रणनीतिको आवश्यक पर्दछ । पूर्व योजना तथा तयारी विना गरिने अनुसन्धान निश्चित लक्ष्य सम्म पुग्न सक्दैन । अनुसन्धान कार्यका लागि तयार पारिने बृहत योजना तथा रणनीतिलाई नै अनुसन्धान ढांचा भनिन्छ । " अनुसन्धानको जवाफ प्राप्त गर्न तथा नियन्त्रण गर्न वनाईने खोजको योजना , संरचना तथा कार्यनीति नै अनुसन्धान ढांचा हो ।

(कर्लिङगर )

यो अनुसन्धान गुणात्मक ढांचाको छ । कुनै अवस्था , घटना प्रक्रिया तथा समस्याहरुको अध्ययन गर्ने उद्देश्यले नामरुपी तथा क्रमागत स्केलमा मापन गरिएका वा शाव्दिक रुपमा संकलन गरिएका असांख्यिक तथ्यांकहरुलाई तार्किक विधिद्धारा विश्लेषण गरि निप्कर्षमा पुगिने अनुसन्धानलाई गुणात्मक अनुसन्धान भनिन्छ । सामुदायिक विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता नामक यस अनुसन्धानमा गुणात्मक ढांचागत प्रक्रियावाट निष्कर्षमा पुगिएको छ ।

### ३.२ जनसंख्या र नमूना छनोट

यस अध्ययनको लागि सम्भावना रहित नमूना छनोट विधि अन्तरगत उद्देश्यपूर्ण नमूना छनोट विधिको आधारमा चितवन जिल्ला दिव्यनगर स्रोतकेन्द्र अन्तर्गतको जानकी उ.मा.वि. मेघौली, काजीमान नि.मा.वि. मेघौली, युवा मा.वि. दिव्यनगर जमानसिंहस्मृति प्रा.वि. दिव्यनगर, वालज्योति रा.प्रा.वि. शुक्रनगर, रा. नि.मा.वि., शुक्रनगरलाई अध्ययनको जनसंख्याको रुपमा छनौट गरिएकोछ । छनौटमा परेको जनसख्यालाई आधार मानेर अनुसन्धानको निष्कर्ष वा नतिजा निकालिएकोछ । अध्ययन कार्यमा सम्पूर्ण विद्यालयहरुलाई समेट्न विभिन्न कठिनाइहरुको सामना गर्नुपर्ने भएकोले दिव्यनगर स्रोतकेन्द्र का मेघौली,दिव्यनगर र शुक्रनगर गा.वि.स. का २/२ वटा विद्यालयहरुको विद्यालय व्यवस्थापन समितिमा महिलाहरुको सहभागिता , सक्रियता , समस्या जस्ता विषयमा रहेर अध्ययन गरिएकोछ । छनौटमा परेका हरेक विद्यालयवाट १।१ जना प्र.अ.,वि.व्य.स. वाट ३ जना (अध्यक्ष, वि.व्य.स. सदस्य ,महिला सदस्य) शिक्षक १, शिक्षिका १, गरी २ जना ,अभिभावक ३ जना तथा दिव्यनगर स्रोतकेन्द्रका वि.नि. र स्रोतव्यक्ति नसख्याको रुपमा लिइएकोछ ।

## ३.३ तथ्याङ्कका स्रोतहरू

कुनै पनि विषय वा समस्याको वारेमा खोज अनुसन्धान गर्दा विभिन्न स्रोतहरूलाई आधार मानिएको हुन्छ । यसैगरी यस शोध अध्ययनको क्रममा पनि प्राथमिक तथा द्वितीय गरी तथ्याङ्कका दुईवटा स्रोतलाई अबलम्बन गरिएको छ ।

### प्राथमिक तथ्याङ्क

अवलोकन, अर्न्तवार्ता-प्रश्नावली, र स्थलगत परीक्षणहरूलाई तथ्याङ्क संकलन प्रक्रियाको प्राथमिक स्रोत अर्न्तगत लिइएको छ ।

### द्वितीय तथ्याङ्क

द्वितीय तथ्याङ्क अर्न्तगत स्रोतकेन्द्र प्रोफाईल र सम्बन्धित विद्यालयका अभिलेखहरुबाट तथ्याङ्कहरु संकलन गरिएको छ ।

## ३.४ अध्ययन साधनको निर्माण

खोज अनुसन्धानसंग सम्वन्धित तथ्यांकहरु प्राथमिक श्रोत र द्धितीय स्रोतवाट संकलन गरिने भएकोले तथ्यांक संकलन साधनका रुपमा निम्न साधनहरुको निर्माण गरि उपयोग गरिएको छ ।

क) अर्न्तवार्ता प्रश्नावली : विद्यालय व्यवस्थापन समितिमा महिलाहरुको सहभागिता , विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता र सक्रियता सम्वन्धि समस्या , सहभागिता र सक्रियता सम्वन्धि समस्याहरुको समाधानका उपायहरुका वारेमा जानकारी लिन नमूनामा परेका विद्यालयका प्र.अ.,शिक्षक,वि.व्य.स.पदाधिकारी,वि.व्य.स.महिला पदाधिकारी, अभिभावक , विद्यालय निरीक्षक,स्रोतव्यक्तिहरुका लागि अनुसूचि १–५ सम्मको अन्तर्वार्ता प्रश्नावली प्रयोग गरिएको छ ।

ख) सर्वेक्षण फाराम : विद्यालय व्यवस्थान समितिमा महिलाहरुको सक्रियताको सम्बन्धमा जानकारी हासिल गर्न अनुसूचि ६ बमोजिमको सर्वेक्षण फारामको प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

कुनै पनि विषयको अनुसन्धानका लागि अनुसन्धान कर्ताले जुन उद्देश्य अनुसार अनुसन्धान गर्दै छ सो उद्देश्य परिपूर्तिका लागि नमूना छनोट गर्दा संयोगमा आधारित नमूना छनोट भन्दा पनि आफ्नै बुद्धि विवेकद्वारा नमूना छनौट गर्ने विधि नै उद्देश्यपूर्ण नमूना छनौट विधि हो, (खनाल, २०६२) । यसै विधिका आधारमा नमूना छनोट गरिएको छ । अध्ययनमा प्राथमिक तथा द्वितीय तथ्यांकहरु प्रयोग गरिएको छ । प्राथमिक तथ्यांकहरु सर्वेक्षण फारम, अन्तरवार्ता प्रश्नावलीहरुको आधारमा संकलन गरिएको छ भने द्वितीय तथ्यांकहरुमा जि.शि.का र दिव्यनगर स्रोतकेन्द्र र सम्बन्धित विद्यालयको अभिलेख तथा पत्रपत्रिकाहरुबाट लिइएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

अध्ययनका लागि प्राथमिक र सहायक स्रोतहरुबाट संकलित तथ्यांकहरुलाई जस्ताको त्यस्तै प्रयोग गर्न सार्थक हुँदैन । किनभने सुरुमा संकलन भएका तथ्यांकहरु कोरा- अव्यवहारिक र अस्पष्ट हुन्छन् । त्यस्ता कोरा तथ्यांकहरुलाई आवश्यकता अनुसार प्रशोधन गरेर मात्र प्रयोग गर्नु पर्दछ । यो अध्ययन गुणात्मक प्रकृतिको भएको हुँदा छनोटमा परेको अध्ययन स्थलबाट प्राप्त तथ्यांकहरुलाई वर्णनात्मक तरिकाले व्याख्या एवम् विश्लेषण गरिएको छ ।

# परिच्छेद चार
# तथ्यांकको व्याख्या र विश्लेषण

यस अध्ययनलाई सत्य तथ्य र यथार्थ सम्म पुऱ्याउनका लागि सम्वन्धित विद्यालयका प्र.अ., शिक्षक, शिक्षिका , वि.व्य.स. पदाधिकारी , अभिभावक , वि.नि. , स्रोतव्यक्तिहरु संग अन्तर्वार्ता प्रश्नावली , छलफल अन्तर्क्रिया तथा सम्वन्धित अभिलेखहरुको अवलोकनको माध्यमवाट विद्यालय व्यवस्थापनमा महिला सहभागिताको स्थिति , महिला सहभागिता र सक्रयताका लागि समस्या र त्यस्ता समस्याहरु समाधानका लागि गर्न सकिने उपायहरुका वारेमा जानकारी र तथ्यांक लिने काम गरियो । यसरी प्राप्त भएका प्राथमिक र द्वितीय तथ्यांकहरुलाई व्यवस्थित रुपमा प्रस्तुत र व्याख्या विश्लेषण गरिएको छ ।

## ४.१ सामुदायिक विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिताको स्थिति

विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिताको स्थितिका वारेमा जानकारी हासिल गर्ने उद्देश्यले छनौटमा परेका ६ वटै विद्यालयका प्र.अ. , शिक्षक , वि.व्य.स. पदाधिकारी , महिला पदाधिकारी , अभिभावक , तथा सम्वन्धित क्षेत्रका वि.नि. र स्रोतव्यक्तिसंग अनुसूची १–५ अनुसारको अन्तर्वार्ता प्रश्नावली प्रयोग गरी तथ्यांक संकलन गरिएको थियो । जसवाट प्राप्त प्रतिक्रियाको निम्नानुसार व्याख्या विश्लषण गरिएको छ ।

### ४.१.१ विद्यालय व्यवस्थापन समितिमा महिलाको संख्यात्मक उपस्थिति

विद्यालय व्यवस्थापन समितिमा महिलाहरुको संख्यात्मक स्थिति कस्तो रहेछ भनी विभिन्न प्रकारका प्रश्नहरु सोधिएकोमा ९४.४४ प्रतिशत उत्तरदाताले वि.व्य.स.मा १ जना मात्र महिला पदाधिकारी रहेको विचार व्यक्त गर्नु भएको थियो भने वांकी ५.५६ प्रतिशत उत्तरदाताले महिला पदाधिकारी २ जना रहेको विचार व्यक्त गर्नु भएको थियो । शिक्षा नियमावलीमा तोकिएको व्यवस्था अनुसार नै वि.व्य.स.मा एक जना महिला पदाधिकारी छान्ने गरेको भन्ने सवै उत्तरदाताको मत प्राप्त भएको थियो ।

उत्तरदाताहरुवाट प्राप्त प्रतिक्रियालाई विश्लेषण गर्दा वि.व्य.स.मा महिला सहभागिता ज्यादै न्यून अर्थात १३ प्रतिशत मात्र रहेको पाइयो । यसो हुनुमा शिक्षा ऐन , नियमावलीमा तोकिएको व्यवस्थानै प्रमुख कारणको रुपमा देखिएकाले विद्यालय व्यवस्थापन समितिमा महिलाहरुको संख्यात्मक सहभागिता वृद्धि गर्नका लागि नीति नियममा परिमार्जन गर्नुपर्ने तर्फ जोड दिएको पाइयो ।

त्यसैगरी विद्यालयमा महिला अभिभावकको सहभागिता कस्तो छ भनी जानकारी प्राप्त गर्ने उद्देश्यले आफना छोराछोरीको पढाइ वारे वुझ्न विद्यालयमा को आउनु हुन्छ ? विद्यालयको भेलामा महिला अभिभावकको सहभागिता कस्तो छ ? विद्यालयले गर्ने विभिन्न कार्यक्रममा कस–कस लाई आमन्त्रण गर्नु हुन्छ ? भनी सोधिएको प्रश्नमा आफना छोरा छोरीको पढाइवारे वुझन पुरुष अभिभावक आउछन भनी ८० प्रतिशतले र आमावावु दुवै जना पालो गरी गरी आउछन भनी २० प्रतिशतले आफनो विचार व्यक्त गर्नु भएको थियो । विद्यालयको भेलामा महिला सहभागिता न्यून छ भनेर ७५ प्रतिशत ले र २५ प्रतिशतले सहभागिता ठिकै छ भनेर आफनो विचार व्यक्त प्रस्तुत गर्नु भएको थियो । विद्यालयका विभिन्न कार्यक्रममा विद्यालयले अभिभावकलाई आमन्त्रण गर्ने गरेकोमा पुरुष अभिावक नै विद्यालमा वढी आउने गरेको भनि शत प्रतिशत उत्तरदाताले आफनो राय व्यक्त गर्नु भएको थियो ।

समग्रमा उत्तरदाताहरुवाट प्राप्त विचारलाई विश्लेषण गर्दा महिला अभिभावकहरुको पनि विदालयमा सहभागिताको स्थिति न्यून नै रहेको पाइयो । यस्का लागि विद्यालयले मेरीपार्कर फोलेटले भने जस्तो मानवीय सम्वन्धको स्थापना गरी उनीहरुको सहभागितामा विस्तार गर्न सकेको पाइएन । विद्यालयले महिला अभिभावकहरुलाई विद्यालयमा ल्याउनका लागि उनीहरुसंगको सम्वन्धमा सुधार गर्नुपर्ने देखिन्छ ।

विद्यालयको शिक्षण सिकाई कियाकलापमा महिलाहरुको संलग्नता कस्तो रहेको छ भनी जान्ने उद्देश्यले सर्वेक्षण फारमबाट सो सम्वन्धि सूचना संकलन गरिएको थियो । जस अनुसार प्रा.वि.तहमा ३७ शिक्षक मध्ये १० जना महिला ( २७.०२ प्रतिशत ) , नि.मा.वि. तहमा १३ जना शिक्षक मध्ये १ जना महिला ( ७.७ प्रतिशत ) , मा.वि. तहमा ११ जना शिक्षक मध्ये १ जना महिला (९.०९ प्रतिशत ) मात्र संलग्न रहेको पाइयो । विद्यालयमा छात्रा प्रतिशत भने वढि रहेको पाइयो ।

यसरी प्राप्त भएका विभिन्न सूचनाका आधारमा विद्यालयमा महिला अभिभावकहरुको सहभागिता कम छ । शिक्षण सिकाइ क्रियाकलापमा पनि महिला सहभागिता न्यून छ । फलस्वरुप विद्यालय व्यवस्थापन समितिमा महिलाहरुको संख्यात्मक उपस्थिति ज्यादै न्यून अर्थात १३ प्रतिशतमा सिमित हुन गुगेको देखिन्छ ।

### ४.१.२ छनौट प्रक्रिया

विद्यालय व्यवस्थापन समितिमा महिला पदाधिकारीको छनौट सम्वन्धि प्रक्रिया वारे जानकारी प्राप्त गर्ने उद्देश्यले वि.व्य.स. को गठन कसरी भयो ? भनि सोधिएको प्रश्नमा शत प्रतिशत उत्तरदाताले निर्विरोध रुपमा वि.व्य.स. को गठन हुने गरेको भनि आफनो विचार प्रस्तुत गर्नु भएको थियो ।त्यसैगरी ६ जना महिला सदस्यहरुलाई तपाई वि.व्य.स. मा स्वत स्फूर्त उम्मेदवार बन्नु भयो कि करकापले ? अध्यक्ष नभएर सदस्य किन बन्नु भयो ? भनि सोधिएको प्रश्नमा शतप्रतिशत उत्तरदाताले स्वतस्फूर्त उम्मेदवार वनेको विचार व्यक्त गर्नु भएको थियो । अध्यक्ष पदमा नपाएर सदस्य बनेको भन्नेमा ५० प्रतिशतले आफनो विचार व्यक्त गर्नुभएको थियो भने ५० प्रतिशतले मन नलागेर नबनेको भनि आफनो मत व्यक्त गर्नु भएकोथियो ।
समग्र उत्तरदाताहरुवाट प्राप्त विचारलाई विश्लेषण गर्दा विद्यालय व्यवस्थापन समितिको गठन निर्विरोध हुने गरेको , महिलाहरुलाई अध्यक्ष पदको अवसर प्राप्त नभै सदस्य पदमा नै सिमित गरिएको र महिलाहरुमा जागरुकताको पनि कमि रहेको पाइयो ।

### ४.१.३ महिलाको भूमिका

विद्यालय व्यवस्थापन समितिमा महिला पदाधिकारीको कस्तो भूमिका रहेको छ भनी जानकारी प्राप्त गर्ने उद्देश्यले सोधिएका प्रश्नहरुमा प्र.अ. , शिक्षक , वि.व्य.स. पदाधिकारी, अभिभावक,वि.नि. स्रोतव्यक्तिहरु मध्ये ६० प्रतिशतले वि.व्य.समितिमा महिला पदाधिकारीको भूमिका सक्रिय रहेको तर

विद्यालय व्यवस्थापन समितिले उनीहरुलाई जिम्मेवारी नदिएको विचार व्यक्त गर्नु भएको थियो । महिलाहरुको कार्यक्षमतालाई अविश्वास गरी वि.व्य.स. ले सामान्य किसिमका जिम्मेवारी मात्र महिलालाई दिने गरेको र विशेष जिम्मेवारी दिन हिचकिचाउने गरेको भन्ने विचार व्यक्त भएको थियो । विद्यालय व्यवस्थापन समितिका महिला पदाधिकारीहरुले विद्यालयलाई आर्थिक स्रोत जुटाउने क्रममा घरदैलो कार्यक्रममा विद्यालयलाई राम्रो सहयोग गरेको , त्यस्तै विद्यालयका विभिन्न भेलामा महिला पदाधिकारीले गर्ने सम्वोधनवाट छात्रा विद्यार्थीहरु बढि उत्साहित हुने गरेको भन्ने विचार समेत व्यक्त भएको थियो ।

त्यसैगरी ४० प्रतिशत उत्तरदाताले वि.व्य.स.को वैठकमा महिला पदाधिकारी नियमित उपस्थित हुने गरेको , अरुका विचारहरु सुन्ने गरेको र आफू १ जना मात्र भएकोकारणले आफना भनाईहरु राख्न नसकेकोले निस्क्रिय रहे जस्तो देखिएको भनेर आफना विचारहरु व्यक्त गर्नु भएको थियो ।
त्यसै गरि महिला अभिभावकहरु को विद्यालयमा कस्तो भूमिका रहेको छ भनी जानकारी प्राप्त गर्ने उद्देश्यले नियमित रुपमा वि्द्यालयमा आई सल्लाह सुझाव कस्ते दिन्छ ? भनि सोधिएको प्रश्नमा ४० प्रतिशतले वि.व्य.स. पदाधिकारी, वि.नि. स्रोतव्यक्ति र अभिभावकले सल्लाह सुझाव दिन्छन भनेर आफनो विचार व्यक्त गर्नु भएको थियो भने ४० प्रतिशत उत्तरदाताले पुरुष अभिभावकहरुले विद्यालयमा आई सल्लाह सुझाव दिन्छन भनेर आफनो विचार व्यक्त गर्नु भएको थियो । वाँकी २० प्रतिशत उत्तरदाताले महिला पुरुष दुवै अभिभावक पालो गरी विदालयमा आई सल्लाह सुझाव दिन्छन् तर महिला अभिभावकले दिएका सुझावहरु वढी उपयोगी रहेकोविचार व्यक्त गर्नु भएको थियो ।

समग्रमा उत्तरदाताहरुले व्यक्त गरेको विचारलाई विश्लेषण गर्दा विदालय व्यवस्थापन समितिमा महिलाहरुले विशेष जिम्मेवारी पाएका छैनन् । वि.व्य.स. ले उनीहरुको कार्य क्षमताको सही उपयोग गर्न सकेको छैन । तापनि महिलाहरुले पाएको सिमित अवसरवाट उनीहरुले विद्यालय व्यवस्थापनका विविध पक्षमा सहयोग गरेको देखियो । विदालयमा महिला अभिभावकको उपस्थिति न्यून मात्रामा रहेको छ तापनि उनीहरुले विद्यालयलाई दिनेगरेका सुझावहरु गहकिला छन भन्ने विचार व्यक्त भएवाट उनीहरुको उपस्थिति गुणात्मक रहेको देखिएको छ ।

## ४.२ विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता र सक्रियता सम्वन्धि समस्या

अध्ययन क्षेत्रमा त्यहाँको वास्तविक वस्तुस्थिति वुझ्न स्वयं शोधकर्ता गई अध्ययन, अवलोकन , अन्तर्वार्ता प्रश्नावली वाट प्राप्त गरेका सूचनाको आधारमा विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता ज्यादै न्यून रहेको पाइयो । यसरी सहभागिता सक्रियतामा न्यूनता आउने कारणहरु के के रहेछन् भनी विभिन्न अन्तर्वार्ता प्रश्नावली अनुसूची १–५ अनुसार सोधिएका प्रश्नहरुमा उत्तरदाताहरुले दिएका प्रतिक्रियाका आधारमा विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता र सक्रियता सम्वन्धि विभिन्न कारणहरु फेला परे । जसलाई प्राथमिकताको आधारमा निम्नानुसार उल्लेख गरिएको छ ।

### ४.२.१ लैगिक सचेतताको अभाव

जनसंख्याको हिसावले समाजमा महिलाहरुको जनसख्या बढी रहेको छ । घरमूलीको अधिकार महिलालाई प्राप्त छैन । उनीहरु अधिनस्थ भएर वांचेका छन् । औषतमा समाजको निर्माण प्रक्रियाभित्र संख्यात्मक दृष्टिले महिलाहरु पुरुषको तुलनामा बढी छन् । जनसंख्यालाई नै आधार मान्ने हो भने हरेक क्षेत्रमा महिला सहभागिता बढी हुनु पर्ने हो । तर त्यसो भएको स्थिति छैन यस्तो अवस्था देखा पर्नुमा समाजमा रहेको लैंगिक सचेतताको अभाव नै हो ।

अध्ययन क्षेत्रमा विभिन्न पद्धतिवाट अध्ययन गर्दा वि.व्य.स. मा महिलाहरुको छनौट नीतिगत रुपमा भएको प्रावधानलाई वाध्यात्मक ठानी लागू गरेको पाइयो । नीतिगत रुपमा जे जस्तो प्रावधान भए तापनि अध्ययन क्षेत्रभित्र लैगिक सचेतता हुन सकेको भए एक भन्दा वढी महिला सदस्यहरु रहन पनि सक्ने अवस्था हुदाहुदै पनि वि.व्य.स.मा महिला सहभागिता र सक्रियता वृद्धि हुन नसक्नु लैगिक सचेतताको अभाव नै हो ।

### ४.२.२ घरायसी कार्य वोझ

अध्ययन क्षेत्रका महिलाहरुलाई घरायसी कार्य व्यस्तता वढी पाइयो । उनीहरु विहान उढेदेखि बेलुका सम्म खेतपाती , गाईभैंसी,घाँसदाउरा , खाना वनाउने , लुगा धुने , वालवच्चा घरपरिवारको स्याहार सम्भार गर्ने जस्ता पुर्नउत्पादक कार्यमा मात्र वढि व्यस्त हुनु परेकाले विभिन्न सामाजिक संघ संस्थाहरुमा आफ्नो उपस्थिति देखाउन सकेका छैनन र त्यो चेतनावाट पनि टाढा रहेका छन् । आफनो सिङ्गो पारिवारीक गोलार्द्धमा नै घुमिरहेका छन् ।

### ४.२.३ आर्थिक समस्या

जुनसुकै काम गर्नुभन्दा अगाडी खांचो पर्ने तत्वको रुपमा आर्थिक पक्ष नै आउछ । जवसम्म मानिसको लागि नभई नहुने तत्वको अभाव रहन्छ तवसम्म मानिस त्यही प्राप्तीका लागि संघर्ष गरिरहन्छ । एकगास खान र एक सरो लगाउनका लागि मानव संघर्षशील रहनु पर्ने वाध्यता रहेको अवस्थामा अवस्थामा कसरी आर्थिक संकट हटाउने भन्ने कुरामात्र मनमा खेलीरहेको हुन्छ । महिलाको मस्तिष्कमा घरको पूर्ण जिम्मेवारी अर्थात छोरा छोरीलाई खुवाउने गास,लगाउने कपडा , शिक्षा दिक्षा, स्वास्थ्य सुविधा कसरी जुटाउने भन्ने समस्याले ग्रस्त पारिरहेको हुन्छ । यस्तो मानसिक चिन्तन हुदा हुदै कसरी महिला अन्य क्षेत्रमा सहभागी हुन सक्छन ? आर्थिक अवस्था कमजोर भएर नै मानिस स्वतन्त्र भएर अगाडि बढ्न सक्दैनन् । मास्नोले भने झै जवसम्म आधारभूत आवश्यकता पूरा हुदैन तवसम्म शिक्षा स्वास्थ्य जस्ता विषयसम्म पुग्न सकिदैन । विहान र वेलुकाको रोजी रोटी जुटाउनका लागि घरधन्धा , खेतीपाती ,मेलापात , दाउरा घांस , गाइभैसीको स्याहार सम्भार गर्दागर्दै समयको अभावले गर्दा महिलाहरु विद्यालयका विभिन्न कार्यक्रममा सहभागी हुन पाउदैनन् । जसले गर्दा उनीहरुमा चेतना वृद्धि हुन पाउदैन र शैक्षिक व्यवस्थापनमा आफू सहभागी नभएपनि केही हुदैन भन्ने निरीह मानिसकताको निर्माण हुन थाल्दछ । अध्ययन क्षेत्रका महिलाहरुको आर्थिक अवस्था कमजोर भएकै कारण एकदिन पनि काम नगरी खान नपाइने भएकाले वि.व्य.स. मा आफनो समय दिन नसक्ने हुनाले सहभागिता र सक्रियतामा कमि आएको पाइयो । महिलाको पैत्रिक सम्पत्तिमा हक छैन , भूमिमा स्वामित्व छैन , घरायसी आर्थिक निर्णयमा उनीहरुको कुनै भूमिका छैन ।

### ४.२.४ पुरुष प्रधान समाज

महिलालाई जन्मदै हेलाको दृष्टिकोणवाट हेर्ने सामाजिक संस्कारका कारण पुरुष हैकमवादी प्रवृत्तिको वन्दछ । हामीले संस्कारका रुपमा छोरीहरुलाई घर भित्रका मसिना काममा अल्झाउने र छोरावावुहरु लाई घर वाहिरका सामाजिक संघसंस्थाका काममा प्रोत्साहन गर्दै आएका कारणले छोरी मान्छे र छोरा मान्छेले गर्ने कामका प्रकृति निर्धारण भए । जसवाट महिलाहरु घरायसी कामकाजमा मात्रै व्यस्त हुनुपर्ने भयो । उनीहरु माथि पुरुषको हैकमवाद लादिएको कुरा अध्ययन क्षेत्रको अध्ययनवाट थाहा पाइयो । जवसम्म परिवारीक सहयोग सकारात्मक हुदैन तवसम्म एउटा महिलाले आफनो क्षमता हुदा हुदै पनि थुप्रै अवसरहरु गुमाउन वाध्य हुन्छे । वि.व्य.स.मा महिला सहभागिता र सक्रियताकोहकमा पनि त्यहि कुरा लागू भएको पाइयो । सार्वजनिक पदमा वसेर काम गर्न खोज्ने महिलाहरुलाई पुरुष प्रधान समाजले विभिन्न वहाना वनाएर रोक्ने गरेको पाइयो ।

### ४.२.५ सामाजिक परम्परा

प्रकृतिले कसैलाई पनि वलियो र कमजोर , सम्पन्न र विपन्न , ठूलो र सानो भनेर जन्माएको हुदैन । तर पनि सामाजिक परिवेशमा हेर्दा पुरुषलाई वलियो र महिलालाई कमजोर अवलाको रुपमा हेर्ने प्रवृति देखिन्छ । नेपाली सामाजिक परिवेशमा पुरुषहरुकै वाहुल्यता छ । घरायसी छलफलमा महिलालाई सहभागी गराइदैन । छोरीलाई अर्काको घरमा जाने जात भनेर शिक्षावाट पनि वञ्चित गरिन्छ । समाजले महिलालाई हेर्ने दृष्टिकोण नकारात्मक भएकाले महिलाहरुको मनमा उत्प्रेरणा जागे पनि कार्यक्रमहरुमा सहभागी हुन हिच्किचाउंछन् । कार्यक्रममा भाग लिने, आफना विचार राख्ने महिलाहरुलाई समाजले पोथी वासेको भनेर नकारात्मक संज्ञा दिने प्रचलन छ । अध्ययन क्षेत्रमा पनि सामाजिक परम्पराका कारणले गर्दापनि महिलाहरु घरायसी काम वाहेक अन्य काममा सहभागी भएको पाइएन ।

### ४.२.६ महिलाको सन्दर्भमा शिक्षा नियमावलीमा भएको व्यवस्था

अध्ययन क्षेत्रका विद्यायमा विद्यालय व्यवस्थापन समिति गठन गर्दा शिक्षा नियमावलीको अनुसरण गर्ने गरेको र महिला सहभागिता कम हुनुमा शिक्षा नियमावलीमा भएको व्यवस्थापनि कारक तत्वको रुपमा पाइए पश्चात " मुल नै धमिलो छ भने सङ्लो पानीको के आशा " भन्ने भनाई चरितार्थ भएको पाइयो । नीति निर्माण गर्दा नै महिलाहरु विभेदको शिकार भएका छन् । राज्यले नीति निर्माण गर्दा महिला जनसख्यालाई केन्द्रमा राखेर समानुपातिक रुपमा सहभागी गराउने व्यवस्था गर्न सकेको भए निश्चितरुपमा पनि महिला सहभागितामा वृद्धि हुने थियो भन्ने विचार व्यक्त भएको पाइयो ।

### ४.२.७ महिला सक्रियतामा कमि

अधिकांश महिलाहरु निरक्षरताको चपेटामा परेका छन् । पढ्ने लेख्ने उमेरमा वैवाहिक सम्वन्धमा वांधिएर घरायसी झमेला वेहोर्न पुगेका छन् । उनीहरु आफनो पारिवारीक सिमा भन्दा वाहिरका आफना कर्तव्य र जिम्मेवारी प्रति सचेत छैनन् । घरपरिवारले उनीहरुलाई प्रोत्साहन गर्न सकिरहेको छैन र उनीहरु विभिन्न कारणले गर्दा स्वयं उत्प्रेरित वन्न सकेका छैनन र आफूले पाउन सक्ने अवसरका लागि पनि उनीहरु जागरुक भएका छैनन् । सधै जान्दिन , गर्न सक्दिन , गल्ती भैहाल्छ कि भन्ने कमजोर मानसिकता पालेर वसेका छन् । आत्मविश्वासका साथ अघि बद्न नसकेकाले केही हदसम्म वि.व्य.स.मा महिला सहभागिता र सक्रियता कम हुनुमा स्वयं महिला हरु पनि जिम्मेवार रहेको कुरा अध्ययन क्षेत्रको अध्ययनवाट थाहा पाइयो ।

## ४.३ विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता र सक्रियता सम्वन्धि समस्या समाधानका उपायहरु

विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता र सक्रियता सम्वन्धि समस्या समाधानका लागि के कस्ता उपायहरु अप्नाउन सकिएला भनी छनौटमा परेका विभिन्न सरोकारवालाहरुसंग अनुसूची १–५ वमोजिमको अन्तर्वार्ता प्रश्नावली प्रयोग गरी सूचना संकलन गरिएको थियो ।

विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता र सक्रियता न्यून रहनु दिव्यनगर स्रोतकेन्द्र चितवनको मात्र समस्या नभएर नेपाल कै जल्दोबल्दो समस्या बनेको छ । विभिन्न प्रयासहरु

गरिएतापनि शैक्षिक जगतमा महिला सहभागिता जहांको तहीं को स्थितिमा रहनु शिक्षा नीति निर्मार्ता ,योजनाकार , शिक्षाविद् एवं अभिभावक सवैको चुनौतीको विषय बन्न पुगेको छ । उक्त चुनौतीलाई समाधान गर्नका लागि सबैका सामुहिक प्रयासको खांचो रहेको छ । वर्तमान समयमा महिलाले भोग्दै आउनु परेका समस्याहरुको समाधान नगरेसम्म वि.व्य.स.मा महिला सहभागिता र सक्रियता बढ्न सक्दैन । त्यसैले महिलाहरुले भोगेका समस्यालाई समाधान गर्न निम्नानुसार गर्न सकिन्छ भनी सरोकारवाला उत्तरदाताहरुले आफनो विचार प्रस्तुत गर्नु भएको थियो ।

### ४.३.१ लैगिक सचेतना सम्वन्धी समस्या समाधानका उपायहरु

१, महिलाहरु परिवारको जीविका , आर्थिक दायित्वको निम्ति सक्रिय हुने हुदा उनीहरुलाई आर्थिक , सामाजिक , राजनीतिक वा एकिकृत रणनीतिवाट सशक्तिकरणको सुरुवात गर्नुपर्दछ ।

२, छोरा र छोरीमा फरक छैन भन्ने भावानात्मक र शैक्षिक जागरणको चेतना फैलाउनु पर्दछ ।

३, मनोरञ्जन , शिक्षा , राजनीति,रोजगार,आवास जस्ता मानव सरोकारका विषयमा महिलालाई उपेक्षित गर्ने किसिमले नीति बनाउनु हुदैन ।

४, छोरा र छोरीमा फरकछैन भन्ने भावनात्मक चेतना जगाई कम सन्तान जन्माउन उत्प्रेरित गर्ने खालका कार्यक्रम संचालन गर्नु पर्दछ ।

५, आफना छोरीहरुलाई प्रोत्साहित गर्नुपर्दछ ।

६, वावुले झोला भिरेर अफिस हिंडेको , आमाले भांडा माझेको गाईवस्तु स्याहारेको जस्ता चित्रहरु पाठ्यपुस्तकवाट तुरन्त हटाउनु पर्छ ।

७, महिलालाई होच्चाउने खालका “ पुरुष ढोकामा महिला चौकामा ” “ महिला पकाउने तुल्याउने पुरुष कमाउने ” “ पोथी वास्यो ” भन्ने जस्ता भ्रमपूर्ण लोकोक्तिहरुलाई विस्थापित गर्नुपर्छ ।

८, लैंगिक सचेतनाका पाठ्यसामाग्रीहरुको विकास गर्नुपर्दछ ।

९, विकासका लागि योजना तर्जुमा , कार्यान्वयन , अनुगभन र मूल्याकनमा महिला सहभागिता सुनिश्चित गर्नुपर्दछ ।

### ४.३.२ घरायसी कार्य वोझ समाधानका उपायहरु

१, महिला पुरुषले घरायसी काम बांडेर गर्नु पर्दछ ।

२, पुरुष सदस्यले भान्साको काम सधाउनु पर्छ ।

३, पारिवारीक सम्वन्ध सुमधुर हुनुपर्दछ ।

४, महिलाहरुको कामलाई अवमूल्यन गर्नु हुदैन ।

५, समय व्यवस्थापनमा पुरुष सदस्यले सधाउनु पर्छ ।

**४.३.३ आर्थिक समस्या समाधानका उपायहरु**

१, सामुहिक वचत तथा ऋण कार्यक्रम संचालन गर्नु पर्दछ ।

२, अन्य आय आर्जन तथा सीपमूलक कार्यक्रमहरु संचालन गर्नुपर्दछ ।

३, रोजगारका क्षेत्रमा महिला र पुरुषलाई एकै ठाउमा राखेर प्रतिस्पर्धा गराउनु भन्दा रोजगारका क्षेत्रमा महिला आरक्षण कोटाको व्यवस्था मिलाउनु पर्दछ ।

४, घरमै वसेर कम लगानीमा गर्न सकिने सीपमूलक तालिम तथा गोष्ठिको आयोजना गरी महिलाहरुलाई आत्म निर्भर वनाउनु पर्दछ ।

५, महिलालाई आर्थिक अधिकार सम्पन्न वनाउनु  पर्दछ ।

६, आधुनिक तरीकावाट तरकारी,माछापालन,मौरीपालन , कुखुरा पालन हस्तकलाका सामग्री वनाउने जस्ता व्यवसायको संचालन गर्नुपर्दछ ।

**४.३.४ सामाीजक परम्परा सम्वन्धि समस्या समाधानका उपायहरु**

१, महिलालाई रोजगारीको अवसर प्रदान गरिनु पर्दछ ।

२, शिक्षित महिलाहरुलाई परिचालन गरेर अन्य महिलाहरुलाई चेतनामूलक कार्यक्रमहरु संचालन गर्नुपर्दछ ।

३, पुरुषहरुमा महिलाप्रति सम्मान गर्नेवानीको विकास हुनु पर्दछ ।

४, महिलाहरुलाई सामाजिक अवसरहरु दिनुपर्दछ ।

५, महिलाहरुलाई विभिन्न नेतृत्व तहमा वसेर काम गर्न प्रोत्साहित गर्नु पर्दछ ।

६, महिलालाई नियन्त्रण भन्दा उपयुक्त स्वतन्त्रता दिनुपर्दछ ।

७, महिलालाई अधिनस्थहोइन स्वतन्त्र व्यक्तिका रुपमा वांच्ने वातावरण सिर्जना गर्नु पर्दछ ।

### ४.३.५ पुरुष प्रधान समाजका कारणवाट उत्पन्न समस्या समाधानका उपायहरु

१, नेपालको अन्तरिम संविधान , २०६३ को भाग २० मा उल्लेख भएको “ महिला हक ” मा व्यवस्था भए वमोजिम लागू गरिनु पर्ने

२, महिलाको योग्यता दक्षता तथा रुची अनुसारका काममा जान महिलाहरुलाई पुरुषले प्रोत्साहित गर्ने र राज्यले त्यस्ता महिलाहरुका लागि उपयुक्त कार्यको अवसर प्रदान गर्नु पर्ने ।

३, पुरुषहरुले आफनो हैकमवादीपन देखाउनु भन्दा सहकार्यको मूल मर्मलाई आत्मसात गरी महिला वर्गलाई सम्मान गर्नुपर्ने ।

४, पुरुषहरुले आफनै घरवाट महिलाका घरेलु काममा सहयोग गरी महिलाहरुलाई रचनात्मक काम गर्न प्रोत्साहित गर्नु पर्ने ।

५, महिलाहरुलाई सामाजिक कार्यमा संलग्न हुन सहयोग गर्ने ।

६, महिलालाई पारिवारीक नेतुत्व सुम्पने ।

### ४.३.६ शिक्षा नियमावली तथा शिक्षा नीतिमा देखिएका समस्या समाधानका उपायहरु

१, वि.व्य.स.मा महिलाको समानुपातिक प्रतिनिधित्व हुने गरी नीति निर्माण गर्ने ।

२, विद्यालयमा कार्यरत शिक्षिकालाई घरपायक सरुवा मिलाई उनीहरुलाई काम गर्न सहज वातावरण सिर्जना गर्ने

३, वि.व्य.स. मा रहेका महिलाहरुलाई विशेष तालिम को व्यवस्था साथै उचित भत्ताको व्यवस्था मिलाउने ।

४, नीति निर्माण तहमा महिलाहरुको अधिकाधिक सहभागिता सुनिश्चित गर्ने व्यवस्था मिलाउने ।

५, विद्यालयमा महिलालाई आकर्षित गर्ने खालका कार्यक्रमहरु संचालन गर्नुपर्ने नीति नियम वनाउने ।

६, राम्रो काम गर्ने वि.व्य.स. लाई पुरस्कृत गर्ने परिपाटीको विकास गर्ने ।

# परिच्छेद पाँच

# प्राप्ती ,निष्कर्ष र सुझावहरु

समाज महिला र पुरषको समग्र रुप हो। सामाजिक संरचनामा संख्यात्मक हिसाव आधा भन्दा बढि हिस्सा ओगटेका महिलाहरुको विभिन्न सामाजिक संघ संस्थामा संलग्नता कम देखिनु निश्चयनै चुनौतिको विषय हो । जनसंख्याको आधा भन्दा बढि भाग ओगट्ने महिलाहरुलाई प्राप्त हुने सामाजिक अवसर हरु ज्यादै न्यून छन् । विद्यालय समाजको एउटा अभिन्न पाटो हो, विद्यालय नै सानो समाज पनि हो । त्यसैले विद्यालयमा महिलाहरुको अधिकाधिक संलग्नता हुनु जरुरी छ ।

## ५.१ प्राप्ती

यस शोध पत्रमा सामुदायिक विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिताको बारेमा जानकारी लिन विभिन्न तथ्यांक संकलन गरी व्याख्या विश्लेषण गर्दा निम्न कुराहरुको प्राप्ती भएको थियो । जसलाई उद्देश्यअनुसार क्रमवद्ध रुपमा प्रस्तुत गरिएको छ ।

**(क) सामुदायिक विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिताको स्थिति**

१, विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता ज्यादै न्यून १३ प्रतिशत मात्र पाइयो ।

२, विद्यालय व्यवस्थापन समिति को गठन निर्विरोध हुने गरेको देखियो ।

३, शिक्षा नियमावलीमा भएको व्यवस्था अनुसार एक जना मात्र महिला सदस्य छनौट गरिएको भन्ने पाइयो ।

४, शिक्षण सिकाई क्रियाकलापमा समेत महिला संलग्नता ज्यादै न्यून प्रा.वि. तहमा २७ प्रतिशत , नि.मा.वि. तहमा ७.७ प्रतिशत र मा.वि.तहमा ९.१ प्रतिशत देखियो ।

५, वि.व्य.स.ले महिला पदाधिकारीलाई जिम्मेवारी दिएको पाइएन ।

६, विद्यालयमा महिला अभिभावकको उपस्थिति न्यून तर उनीहरुलेदिने गरेका सल्लाह सुझाव गहकिला छन भन्ने देखियो ।

७, सामुदायिक विद्यालयमा छात्रा प्रतिशत बढि पाइयो ।

**(ख) विद्यालय व्यवस्थापन समितिमा महि़ल सक्रियता सम्वन्धि समस्या**

१, लैगिक विभेदका कारणले महिला सहभागिता र सक्रियतामा कमि आएको पाइयो ।

२, गरीवीका कारणले सामाजिक कार्यमा महिलाहरुको संलग्नतामा कमि आएको पाइयो ।

३, घरायसी कार्य व्यस्तताका कारण वेफूर्सदी वनी सहभागिता र सक्रियतामा कमि आएको देखियो

४, पुरुषवादी चिन्तनका कारण महिलाहरु घरभित्रै विभेदको शिकार बनेको पाइयो ।

५, शिक्षा नियमावलीमा भएको व्यवस्थाका कारणवाट पनि महिला सहभागिता र सक्रियतामा कमि आएको देखियो ।

६, महिलाहरु स्वयं जागरुक नभएर सहभागिता मा कमि आएको देखियो ।

७, समाजमा व्याप्त सामाजिक कुसंस्कारले गर्दा पनि सहभागितामा न्यूनता आएको पाइयो ।

**(ग) सामुदायिक विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता र सक्रियता सम्वन्धि समस्या समाधानका उपायहरु**

१, घर,परिवार र समाजलाई लैगिकमैत्री बनाउनु पर्दछ ।

२, महिला चेतनाका विभिन्न कार्यक्रमहरु संचालन गर्नुपर्छ ।

३, महिलालाई पारिवारीक सहयोग हुनु पर्दछ ।

४, लैंगिक विभेद झल्किने खालका पाठ्यसामग्री तुरन्त बन्द गर्नुपर्छ ।

५, महिलालाई आर्थिक अधिकार सम्पन्न बनाउनु पर्दछ ।

६, समाजमा चलेका सामाजिक कुसंस्कारहरु बदल्नु पर्दछ ।

७, शिक्षा नियमावली तथा अन्य नीति नियममा परिमार्जन गर्नु पर्दछ ।

८, महिलाहरु स्वयं सक्रिय वनी आफूलाई जागरुक बनाउनु पर्दछ ।

९, महिलाहरुले आत्मविश्वासका साथ अगाडि बढी सामाजिक अवसरहरु पच्छयाउनु सक्नुपर्दछ ।

## ५.२ निष्कर्ष

समाज महिला र पुरुषको समग्र रुप हो । समाजको विकासका लागि हरेक क्षेत्रमा महिला र पुरुषको समान सहभागिता र सहकार्य आजको आवश्यकता पनि हो । समाजको अभिन्न पाटो विद्यालय हो । जहां वालवालिकाको विभिन्न प्रकारका सिकाइहरु व्यवस्थित हुने गर्दछन् । त्यसैले सामुदायिक विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता शीर्षक चयन गरी वि.व्य.स. मा महिला सहभागिताको स्थिति पहिचान गर्ने , वि.व्य.स. मा महिला सहभागिता र सक्रियता सम्वन्धि समस्याको पहिचान गर्ने र सहभागिता र सक्रियता सम्वन्धि समस्याको समाधानको उपाय पहिल्याउने भन्ने उद्देश्यमा आधारित रहेर गरिएको यस अध्ययनमा उद्देश्यमूलक नमूना छनौट गरी प्रत्येकविद्यालयका प्र.अ. , शिक्षक , शिक्षिका ( ३ जना ) वि.व्य.स. पदाधिकारी अध्यक्ष १ सदस्य १ र महिला सदस्य १ गरी ३ जना र ३ जना अभिभावक तथा दिव्यनगर स्रोतकेन्द्रका वि.नि. , स्रोतव्यक्तिहरुसंग अन्तर्वार्ता प्रश्नावली र छलफल गरी प्राथमिक तथ्यांक संकलन र आवश्यकता अनुसार स्रोतकेन्द्र, विद्यालय अभिलेख तथा लेख,रचना , पत्रपत्रिका पुस्तक, आदिवाट द्धितीय तथ्यांक संकलन गरीएको छ । प्राप्त भएका तथ्यांकको व्याख्या विश्लेषणवाट निम्न निष्कर्ष निकालिएको छ ।

(क) अध्ययन क्षेत्रमा पुरुषको भन्दा महिलाको जनसंख्या वढी छ तर यो जनसख्यालाई सामाजिक अवसर प्राप्त छैन ।

(ख) विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता न्यून छ तर यो सहभागिता विद्यालय व्यवस्थापनमा सहयोगी छ ।

(ग) सामुदायिक विद्यालयमा छात्राहरुको प्रतिशत वढि छ  तर योसहभागिता लैंगिक विभेदका कारणले हुन पुगेको छ ।

(घ) विद्यालयमा महिला अभिभावकको सहभागिता न्यून छ । तर उनीहरुले विद्यालयमा आई दिने गरेका सुझावहरु गहकिला छन् ।

(ङ) विद्यालयमा महिला शिक्षिकाको सहभागिता ज्यादै कम छ ।

(च) विद्यालय व्यवस्थापन समितिले महिला सदस्यलाई जिम्मेवारी सुम्पिएको छैन । तर वि.व्य.स. महिला पदाधिकारी वि.व्य.स. वैठकमा नियमित उपस्थित हुन्छन् र निर्णय प्रक्रियामा सन्तोषजनक सहभागिता देखाउछन् ।

(छ) महिलाहरुलाई घरायसी कार्य व्यस्तता ज्यादै बढी छ ।

(ज) महिलाहरुमा चाहिने जति सक्रियता र जागरुकता छैन । यसो हुनुमा उनीहरुमा शिक्षाको कमि छ , चेतना को कमि छ र पुरुष प्रधान सामाजिक चिन्तनले थिचिएका छन् ।

(झ) समाजमा लैंगिक विभेद छ । मार्क्स वेवरले सामाजिक विभेदीकरणको सिद्धान्तमा भने जस्तो विभेदले महिलालाई प्रतिस्पर्धि वनाउनु पर्नेमा झन निरास वनाएको छ ।

(ञ) मेरी पार्कर फोलेटले भने जस्तो विद्यालय र महिला अभिभावक वीच राम्रो मानवीय सम्वन्ध स्थापना हुन सकेको छैन जसले गर्दा महिला सहभागिता र सक्रियतामा वृद्धि भएको छैन ।

## ५.३ सुझावहरु

### (क) विद्यालयका लागि

१, अभिभावक भेलामा उपस्थित हुने महिला संख्यामा वृद्धि गराइ सचेतना मूलक कार्यक्रमको आयोजना गर्नुपर्दछ ।

२, विद्यालयका विभिन्न कार्यक्रममा महिला अभिभावकलाई ल्याउन विद्यार्थीहरुलाई सूचना प्रवाह गर्ने र महिला अभिभावकका नाममा नै आमन्त्रण पत्र लेख्ने व्यवस्था मिलाउनु पर्दछ ।

३, विद्यालय व्यवस्थापन समिति गठन गर्दा महिलाहरुको उल्लेख्य सहभागिताका लागि प्रोत्साहन गर्ने महिला अध्यक्ष वनाउन अभिभावक भेलामा सल्लाह सुझाव दिनुपर्दछ ।

४, लैंगिक सचेतना वृद्धि गर्नका लागि चेतना मूलक कार्यक्रमहरु आयोजना गर्ने र यस्ता कार्यक्रमका लागि विभिन्न संघ संस्थासंग समन्वय गर्नु पर्दछ ।

५, विद्यालयमा नियमित रुपमा आई अथवा वढी पटक आई आफ्ना छोराछोरीको पढाई सम्वन्धि , विद्यालय सम्वन्धि चासो राख्ने महिला अभिभावकलाई विद्यालयले गर्ने विभिन्न सभा समारोहमा सम्मान गर्ने कार्यक्रम गर्नुपर्दछ ।

६, विद्यालयले महिला अभिभावकहरुसंग राम्रो सम्वन्ध स्थापना गर्नका लागि आवधिक रुपमा घरदैलो भेटघाटका कार्यक्रम गर्नुपर्दछ ।

७, महिलाहरुलाई जिम्मेवारी दिएर काम गर्ने मौका दिनु पर्दछ ।

८, विद्यालयमा कार्यरत महिला शिक्षकहरुको पहलमा आवधिक रुपमा महिला भेलाहरु संचालन गरेर महिला वर्गमा उनीहरुको अधिकार, कर्तव्य र जिम्मेवारीका बारेमा जानकारी दिने कार्यक्रम गर्न सकिन्छ ।

**(ख) अभिभावकहरुका लागि**

१, घरका महिला सदस्यलाई घरायसी काममा मात्र नलगाई सामाजिक काममा पनि सहभागी हुने मौका दिनु पर्दछ ।

२, गाउंका अभिभावकहरु मिलि शैक्षिक चेतनाका कार्यक्रमहरु गर्नुपर्दछ । यस्ता कार्यक्रमका लागि सम्वन्धित निकायमा अनुरोध गर्नु पर्दछ ।

३, गाउं छिमेकमा विभिन्न समूह गठन गरी महिलालाई नेतृत्व प्रदान गर्नुपर्दछ ।

४, विद्यालयमा वि.व्य.स. को गठन हुंदा तथा अन्य संघ संस्थाको निर्वाचनमा भागलिन महिलालाई प्रोत्साहन गर्नुपर्दछ ।

५, आफ्ना छोराछोरीको पढाइको वारेमा वुझ्न आफू मात्र विद्यालय नगई आमावावु दुवैजना पालो पालो गरी जाने व्यवस्था मिलाउनु पर्दछ ।

६, महिलाहरुलाई अनावश्यक नियन्त्रणमा नराखी सवै खाले स्वतन्त्रता दिनु पर्दछ ।

७, विद्यालयलाई महिला सहभागिता वृद्धि गर्नका लागि ध्यानाकर्षण गराउनुपर्दछ ।

८, वि.व्य.स. मा महिला सदस्यले म एक्लै छु केहि गर्न सक्दिन भनि आफूलाई कमजोर बनाउनु हुदैन । आफू नमूना वनि अन्य महिलाहरुलाई विद्यालय तर्फ आकर्षित गर्ने सम्वन्ध सेतुको काम गर्नु पर्दछ ।

९, महिलाहरुले आफ्नो सक्रियता बढाउनु पर्छ , आफ्ना विचारहरु व्यक्त गर्ने र उपयोगी विचारहरुलाई लागू गर्नका लागि दवाव समूह निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्छ ।

१०, पढे लेखेका महिला दिदि बहिनीहरुले आफनो पहलमा महिला जागरणका कार्यक्रमहरु संचालन गर्न सकिन्छ । आमा जागरण समूह गठन गर्न सहयोग गर्नु पर्दछ ।

**(ग) सरकारका लागि**

(क) रोजगार र नेतुत्व तहमा समानुपातिक महिला आरक्षणको व्यवस्था मिलाउनु पर्दछ ।

(ख) समानुपातिक महिला प्रतिनिधित्व हुने गरी वि.व्य.स. को गठन प्रक्रिया सम्वन्धि नियम वनाउनु पर्दछ ।

(ग) महिलाका लागि विशेष कार्यक्रमको संचालन गरी समावेशी सहभागिता सुनिश्चित गर्नु पर्दछ ।

(घ) योग्यता र दक्षताका आधारमा स्थानीय स्तरमा नै प्रतिस्पर्धा गराई रोजगार दिने व्यवस्था मिलाउनु पर्दछ ।

(ङ) महिलाहरुको आर्थिक अधिकार सुनिश्चित गर्ने नियम कानून वनाई त्यस्को खरो कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

(च) विद्यालय व्यवस्थापन समितिका महिला पदाधिकारी तथा सदस्यहरुलाई नेतृत्व विकास सम्वन्धि तालिम दिने व्यवस्था मिलाउनु पर्दछ ।

**अन्य सुझावहरु**

१, हाम्रो सामाजिक संरचना पुरुष वादी छ । जहां महिलालाई सधै कमजोर वस्तुको रुपमा हेरिएको हुन्छ । पुरुषले शासन गर्ने र महिला शाशित वन्नु पर्ने किसिमवाट समाजमा महिला र पुरुषका भूमिकाहरु तोकिएको छ । हामीले हाम्रा छोरीहरुलाई त्यसै अनुसार सामाजिकरण गरिरहेका छौं । समाजमा डरलाग्दो लैंगिक विभेद छ । प्राकृतिक कुराहरु परिवर्तन गर्न सकिदैन तर मानव निर्मित कुसंस्कारहरु परिवर्तन गर्न सकिन्छ । त्यसैले समाजवाट लैंगिक विभेदको अन्त्य गरी समुन्नत समाजको निर्माणका लागि सवैले आ–आफनो घरवाट नै यो प्रयासको थालनी गरौं ।

२, महिलालाई सधै " विचरा र कमजोर " भन्ने सोंचमा परिवर्तन ल्याउन पर्दछ उनीहरुलाई हरेक क्षेत्रमा अधिकार सम्पन्न बनाउन सहयोग गर्नु पर्दछ । अभिभावक , विद्यालय , प्र.अ., शिक्षक ,

वि.व्य.स. , जि.शि.का. तथा शिक्षा संग सम्वद्ध अन्य व्यक्ति एवं संघ संस्थाहरुले आफ्नो प्रतिवद्धता सहितको प्रयासको थालनी गर्नु पर्दछ ।

३, गाउंका आमा समूहहरुलाई विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी परिक्षणका रुपमा दिएर त्यस्को प्रभावकारीताको आंकलन गरी यस्लाई विस्तार गर्न सकिन्छ ।

४, सम्वन्धित निकायवाट वि.व्य.स. का महिला पदाधिकारीलाई विभिन्न सभा समारोहमा सम्मान गरी समग्र महिलाहरुलाई प्रोत्साहित गर्न सकिन्छ ।

## अनुसन्धानका निम्ति सिफारिस

भविष्यमा निम्न शिर्षकहरुमा अनुसन्धान गर्नु पर्दछ ।

१, विद्यालय व्यवस्थापनमा महिला शिक्षिकाको  भूमिका ।

२, विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिताले विद्यालयमा पारेको प्रभाव ।

३, विद्यालय र विद्यालय व्यवस्थापन समितिको सम्वन्ध ।

४, विद्यालय र अभिभावकको सम्वन्धले विद्यालय व्यवस्थापन भएका राम्रा प्रयासहरु ।

# सन्दर्भ सूची


अधिकारी, विष्णुप्रसाद (२०६२) **शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली,** काठमाण्डौ : आशिष पुस्तक भण्डार ।

**उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन** (२०५५) केशरमहल, काठमाण्डौ :

उपाध्याय, जागेश्वर (२०६०) **दैलेख जिल्लामा माध्यमिक तहको विद्यालयीय शिक्षामा छात्रा सहभागिता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र सुर्खेत क्याम्पस सुर्खेत ।

कोइराला डा विद्यानाथ र श्रेष्ठ,चन्द्रवहादुर (२०५७) **शैक्षिक व्यवस्थापन र संगठानात्मक व्यवहार**, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, दिपक (२०६२) **सुर्खेत उपत्यकाका माध्यमिक तहको शिक्षामा छात्रा सहभागिता एक अध्ययन** अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत क्याम्पस सुर्खेत ।

खनाल,पेशल (२०६०) **शैक्षिक अनुसन्धान पद्दति**, काठमाण्डौ : स्टेडेन्ट बुक पव्लिकेशन ।

गुरुङ्ग, सुनिता (२०६०) **समाजको संकिर्ण दायरामा महिलाहरु**, काठमाण्डौ : नारी मासिक पत्रिका ।

**चितवन जिल्ला एक चिनारी (२०६६)**, चितवन शाखा तथ्याङ्क कार्यालय ।

थापा,विजयकुमार र अन्य (२०५८) **व्यवस्थापन सुचना प्रणाली र मानव संसोधन व्यवस्थापन,** भोटाहिटी काठमाणडौ : विद्यार्थी पुस्तक भण्डार ।

**दशौं योजना** (२०५९–२०६४) काठमाण्डौ :नेपाल,राष्ट्रिय योजना आयोग ।

निरौला, खगेन्द्र ( २०६१) **नेपाल परिचय**, काठमाण्डौ : रत्नपुस्तक भण्डार ।

**शिक्षा विभागद्धारा गरिएको अध्ययन प्रतिवेदन** (२०५९।०६० र २०६०।०६१) शिक्षा विभाग सानोठिमी भक्तपुर ।

**शिक्षा निकायद्धारा गरिएको अध्ययन प्रतिवेदन** (२०६३/०६४) शिक्षा विभाग सानोठिमी,भक्तपुर ।

सिटौला, मायादेवी (२०५५) **ललितपुर जिल्लाका अनुदान प्राप्त र निजिस्रोतमा सञ्चालित माध्यमिक विद्यालयहरुको भौतिक व्यवस्थापन पक्षको तुलनात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि., काठमाण्डौ ।

**नेपालको अन्तरिम संविधान (२०६३) ।**

पाण्डेय, विजया (२०६०।०६२) **महिलाहरुको शैक्षिक स्थिति एक अध्ययन**, अप्रकाशित शोधपत्र नवलपरासी : लुम्विनी आदर्श डिग्री कलेज) ।

पौडेल,लेखनाथ (२०५५) **शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा**, भोटाहिटी काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

**महिला शिक्षा** (२०६१) **अनौपचारिक शिक्षा केन्द्र**, काठमाण्डौ : सानोठिमी भक्तपुर ।

**राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९)** केशरमहल : काठमाण्डौ ।

**लैंगिक समविकास शिक्षा** (२०६६) काठमाण्डौ : सानोठिमी भक्तपुर ।

**शिक्षा ऐन (२०२८) , नियमावली (२०५९)** डिल्लीवजार काठमाण्डौ : मकालु प्रकाशन गृह ।

**शैक्षिक समाचार (२०६६),** चितवन जिल्ला शिक्षा कार्यालय ।

**सामाजिक न्याय शिक्षा ( २०५९)** त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र संकाय, डीनकोकार्यालय ।

सुनुवार, रमेश (२०६०) **महिलाहरुको मुक्तिको बारेमा** , काठमाण्डौं, प्रगती पुस्तक सदन ।

## सामुदायिक विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता
## अनुसूचि १

### प्र.अ. तथा शिक्षक,शिक्षिकाको लागि अन्तर्वार्ता प्रश्नावली

नाम ठेगानाः

विद्यालय स्थायी/अस्थायी

तालिम सेवा अवधि

(१) विद्यालय व्यवस्थापन समितिमा कतिजना महिला पदाधिकारी हुनुहुन्छ ?

……………………………………………………………………………………

(२) विद्यालय व्यवस्थापन समितिमा १ जना मात्र महिला सदस्य किन राख्नु भयो ?

……………………………………………………………………………………

(३) महिला सदस्य कुन प्रक्रियावाट छनोट गर्नु भयो ?

……………………………………………………………………………………

(४) आफ्ना छोराछोरीको पढाइ बारे बुझ्न विद्यालयमा को आउनुहुन्छ ?

……………………………………………………………………………………

(५) विद्यालयको भेलामा महिला अभिभावकको सहभागिता कस्तो छ ?

……………………………………………………………………………………

(६) विद्यालयले गर्ने विभिन्न कार्यक्रममा कसकसलाई आमन्त्रण गर्नुहुन्छ ?

……………………………………………………………………………………

(७) महिला सहभागिता कम हुनका के के कारणहरु देख्नु भएको छ ?

……………………………………………………………………………………

(८) निर्ण प्रकियामा महिला सहभागिता र सक्रियता कस्तो छ ?

……………………………………………………………………………………

(९) नियमित रुपमा विद्यालय आइ सल्लाह सुझाव कसले दिन्छ ?

……………………………………………………………………………………

(१०) महिला सहभागिता र सक्रियता वृद्धि गर्न के गर्न सकिएला ?

……………………………………………………………………………………

## सामुदायिक विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता

## अनुसूचि २

## वि.व्य.स.का पदाधिकारीको लागि अन्तर्वार्ता प्रश्नावली

नाम ठेगाना

पद योग्यता

पेशा लिङ्ग

(१) वि.व्य.स.मा कति जना महिला पदाधिकारी हुनुहुन्छ ?

(क) १ जना (ख) १ जना भन्दा वढी

(२) वि.व्य.स. मा महिला सहभागिता कम हुने मुख्य कारण के होला ?

(क) भेदभाव (ख) आर्थिक कठिनाइ

(ग) घरधन्धा (घ) आत्मविश्वासको कमि

(३) महिला सहभागिता कम हुनमा को जिम्मेवार देख्नुहुन्छ ?

(क) अभिभावक (ख) शिक्षानीति

(ग) विद्यालय (घ) महिला

(४) विद्यालय व्यवस्थापन समितिको गठन कसरी भयो ?

क) निर्वाचन ख) मनोनयन ग) निर्विरोध घ) थाहा छैन

५) वि.व्य.स.को नियमित वैठक कति अवधिमा बस्नुहुन्छ ?

क) २ महिनामा १ पटक ख) २ महिनामा २ पटक

ग) इच्छा अनुसार

(६) महिला सदस्यलाई कुनै जिम्मेवारी सुम्पनु भएको छ ?

(क) छ (ख) छैन

(७) अवका दिनमा वि.व्य.स.मा महिला सहभागिता र सक्रियता बढाउन के गर्नु पर्ला ?

(क) राज्यले नीतिगत व्यवस्था गर्नु पर्ने

(ख) समाज र घर परिवारले उत्प्रेरित गर्नुपर्ने

(ग) महिला स्वयम् जागरुक र सक्षम हुनुपने

(घ) विद्यालयले छुट्टै नियम वनाउनु पर्ने

(८) निर्णय प्रक्रियामा महिला सदस्यको कस्तो सक्रियता देखाउनु हुन्छ ?

(क) सक्रिय (ख) सन्तोषजनक (ग) नगन्य (घ) सक्रियता रहन्न

(९) विद्यालयमा सामान्यतया कति दिन पढाई हुन्छ ?

(क) १९० दिन भन्दा कम (ख) १९० दिन भन्दा वढी

(ग) २२० दिन (घ) थाहा छैन

(१०) महिला सहभागिता बढाउन अन्य निकायवाट के के अपेक्षा राख्नुहुन्छ ?

.....................................................................................................

## सामुदायिक विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता

## अनुसूचि ३

## वि.व्य.स.महिला पदाधिकारीका लागि अन्तर्वार्ता प्रश्नावली

नाम योग्यता

ठेगाना पेशा

(१) तपाई वि.व्य.स. मा कस्तो प्रक्रियावाट छनौट हुनुभयो ?

(क) निर्वाचन (ख) निर्विरोध

(२) अध्यक्ष नभएर सदसय किन हुनु भयो ?

(क) नपाएर (ख) मन नलागेर

(३) वि.व्य.स. सदस्य पदमा स्वतस्फूर्त उम्मेदवार बन्नुभयो वा कसैको अनुरोध वा करकापले ?

(क) आफै (ख) करकापले

(४) समितिमा १ जना मात्र महिला हुदा कस्तो महशुस हुन्छ ?

(क) एक्लो (ख) सामूहिक

(५) विद्यालयमा संचालित कार्यक्रमहरुमा महिलाहरुको उपस्थिति कस्तो रहन्छ ?

(क) धेरै (ख) ठिकै

(ग) न्यून (घ) रहदैन

(६) महिलाहरु चुलो चौकोमा नै सिमित हुनुपर्ने नेपाली परम्पराले तपाईलाई वि.व्य.स. सदस्य बन्न बाधा गरेन ?

(क) गरेन (ख) गऱ्यो

(७) वि.व्य.स. समितिमा तपाईंको स्थान कस्तो छ ?

(क) सम्मानजनक (ख) उपेक्षित

(८) महिला सहभागिता कम हुनुमा को दोषी छ जस्तो लाग्छ ?

(क) सामाजिक परम्परा (ख) घरायसी धन्धा

(ग) शिक्षा नीति (घ) आर्थिक स्थिति

(९) घरायसी कामकाजमा मात्र अल्झिनु पर्ने परम्परालाई कसरी बदल्न सकिएला ?

(क) समाजमा चेतना जगाएर (ख) महिलाका लागि रोजगारमूलक कार्यक्रम संचालन गरेर

(ग) पुरुषहरुले घरायसी काममा सहयोग गरेर (घ) माथिका सवै

## सामुदायिक विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता

## अनुसूचि ४

## अभिभावकका लागि अन्तर्वार्ता प्रश्नावली

नाम ठेगाना

शिक्षा बार्षिक

आम्दानी

उमेर धर्म परिवार संख्या

(१) परिवारमा कति जना पुरुष र कतिजना महिला हुनुहुन्छ ?

(क) पुरुष ........................ (ख) महिला .................

(२) घरमूली महिला हुनुहुन्छ कि पुरुष ?

(क) महिला (ख) पुरुष

(३) तपाई आफ्नो गाउको विद्यालयमा जाने गर्नुहुन्छ ?

(क) जान्छु (ख) जाँदिन

४) विद्यालय व्य.स.मा कस्को भूमिका राम्रो देख्नु भएको छ ?

(क) महिला (ख) पुरुष

(५) वि.व्य.स.मा महिलाहरुकोसहभागिता कमि हुनुमा के कस्ता कारण देख्नु भएको छ ?

(क) सचेतनाको कमि (ख) आर्थिक कठिनाइ

(ग) सामाजिक परम्परा (घ) घरायसी कामकाज

(६) महिला सहभागिता कमि हुनुमा कस्लाई दोषी ठान्नुहुन्छ ?

(क) महिला स्वयं (ख) पुरुष (ग) घरपरिवार (घ) समाज

(७) वि.व्य.स. मा महिला सहभागिता बढाउन के गर्नु पर्ला ?

.............................................................................................................

(८) विद्यालयको व्यवस्थापनमा वि.व्य.स.को भूमिका कस्तो छ ?

.............................................................................................................

(९) वि.व्य.स.मा नियमावलीमा भएको १ सदस्यको व्यवस्थालाई थप्नुपर्छ वा पर्दैन किन ?

.........................................................................................................

(१०) विद्यालय व्यवस्थापनमा महिलालाई सक्रिय बनाउने के के उपाय देख्नु भएको छ ?

.............................................................................................................

**सामुदायिक विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता**

**अनुसूचि ५**

**वि.नि. स्रोतव्यक्तिका लागि अन्तर्वार्ता प्रश्नावली**

१, वि.व्य.स.मा महिला अध्यक्षहरु हुनुहुन्छ ?

..........................................................................................

२, शिक्षा नियमावलीमा तोकेको १ जना सदस्य वाहेक वि.व्य.स. मा महिलाको सहभागिता कस्तो छ ?

..........................................................................................

३, वि.व्य.स. मा महिला सहभागिता न्यून हुनमा कस्लाई दोषी ठान्नु हुन्छ ?

..........................................................................................४, महिलाहरुको सहभागिताले विद्यालय व्यवस्थापनमा कस्तो सहयोग पुगेको छ ?

..........................................................................................

५, वि.व्य.स. मा महिला सदस्यको सक्रियता कस्तो छ ?

..........................................................................................

६, विद्यालय व्यवस्थापनमा महिला सहभागिता र सक्रियता सम्वन्धि के के समस्या छन् ?

..........................................................................................

७, सहभागिता र सक्रियता सम्वन्धि समस्या कसरी समाधान गर्न सकिएला ?

..........................................................................................

# सामुदायिक विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता

## अनुसूचि ६

## सर्वेक्षण फाराम

विद्यालयको नाम :.........................................................

ठेगाना :.................गा.वि.स. ...................वार्ड नं.

१, वि.व्य.समिति गठन मिति :

२, वि.व्य.स. मा महिला पदाधिकारी संख्या :

३, शैक्षिक सत्र (०६६/०६७) मा वि.व्य.स. को बैठक संख्या :

४, महिला पदाधिकारी उपस्थित बैठक संख्या :

५, महिला पदाधिकारीलाई दिइएको जिम्मेवारी :

### विद्यार्थी विवरण

| कक्षा | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| १–५ | | | |
| ६–८ | | | |
| ९–१० | | | |

### शिक्षक विवरण

| तह | शिक्षक | शिक्षिका | जम्मा |
|---|---|---|---|
| प्रा.वि. | | | |
| नि.मा.वि. | | | |
| मा.वि. | | | |